भाग ४

श्री ५ को सरकार

अर्थ मन्त्रालयको सूचना

माननीय अर्थ मन्त्री श्री भरतबहादुर प्रधानले २०४५ साल आषाढ २४ गते दिनु भएको आर्थिक वर्ष २०४५।४६ को बजेट वक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

सम्माननीय अध्यक्ष महोदय,

१.१ श्री ५ महाराजाधिराज सरकारबाट असीम निगाहसाथ देशको अर्थ व्यवस्थाको गहन जिम्मेवारी वहन गर्न अर्थ मन्त्रीको अभिभारा बक्सेबाट यस सदनमा मैले नेपाल अधिराज्यको यो तेस्रो आय-व्यय विवरण पेश गर्न पाएकोमा सर्वप्रथम मौसूफ सरकारप्रति भक्तिपूर्वक कृतज्ञता प्रकट गर्दछु।

१.२ दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्थाले परिलक्षित गरेको समृद्ध र शोषण-रहित समाज सिर्जना गर्न एकातिर हामीले हाम्रो आर्थिक विकासको वृद्धिदर तीव्र बनाउनु परेको छ भने अर्कोतिर राष्ट्रिय आयको उपभोग तथा उत्पादनशील राष्ट्रिय सम्पत्तिमा समाजका कमजोर वर्गले सहभागी हुन सक्ने वातावरण बनाउनु परेको छ। श्री ५ महाराजाधिराज सरकारबाट विक्रम सम्वत् २०५७ सालसम्ममा सबै नेपालीहरूले आधारभूत आवश्यकता उपभोग गर्न पाउन् भनी बक्सेको आह्वान तथा यस सम्बन्धमा नेपाली जनताले गरेको राष्ट्रिय संकल्प पञ्चायती व्यवस्थाको आर्थिक सिद्धान्त तथा पक्षलाई मूर्तरूप दिने मूल आर्थिक कार्यक्रम हो। तसर्थ यो बजेट तर्जुमा गर्दा यसलाई नै मुख्य आधार बनाएको छु। साथै यस सदनमा माननीय सदस्यहरूले विभिन्न समयमा व्यक्त गर्नुभएको सुझावहरूलाईसमेत ध्यान दिएको छु।

१.३ देशको आय-व्यय विवरणले मुलुकको आर्थिक क्षेत्रमा मात्र असर पार्ने नभई देशको राजनैतिक पक्षमा पनि विशेष असर पार्ने हुन्छ। यसकारण यो बजेट तर्जुमा गर्दा प्रजातान्त्रिक पञ्चायती व्यवस्थाको राजनैतिक तथा आर्थिक दुवै पक्षतर्फ विशेष सजग भएको छु। कार्यान्वयनको क्रममा हामीबीच केही प्रक्रियागत मतभेद होलान् तर महत्त्वपूर्ण कुरा के छ भने श्री ५ महाराजाधिराज सरकारको सबल तथा गतिशील नेतृत्वमा हाम्रो राजनैतिक, सामाजिक र आर्थिक लक्ष्यहरू प्रति हामी सबै प्रतिबद्ध तथा पूर्ण समर्पित छौं। यही तथ्यलाई हृदयंगम गरी यस

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिमामय सदनमा आर्थिक वर्ष २०४५।४६ को बजेट पेश गर्न लागेको छु र यसको सफल कार्यान्वयनको निम्ति माननीय सदस्यहरूबाट सदा झैं सहयोगको अपेक्षा गर्दछु ।

१.४ आगामी वर्षको आय-व्यय विवरण पेश गर्नुअघि श्री ५ को सरकारले अपनाएको आर्थिक सुधार कार्यक्रमहरूको उपलब्धि, देखा परेका समस्याहरू र देशको वर्तमान आर्थिक स्थितिबारे संक्षेपमा उल्लेख गर्दछु ।

१.५ अर्थ व्यवस्थामा देखिएको आर्थिक असन्तुलनहरू हटाउन आर्थिक वर्ष २०४३।४४ देखि आर्थिक समायोजनको कार्यक्रम संचालन गर्दै आएको कुरा माननीय सदस्यहरूलाई अवगतै छ । यस कार्यक्रमको मुख्य उद्देश्य नै आर्थिक स्थायित्व कायम राखी आर्थिक विकास दरलाई तीव्र बनाउनु हो । यसको लागि राजश्व परिचालनमा वृद्धि गर्ने, विकास खर्चमा वृद्धि गर्नुको साथै साधारण खर्चमा नियन्त्रण गर्ने र बजेट घाटा कम गर्ने तथा बैंक कर्जा प्रवाहलाई वाञ्छित सीमाभित्र राख्नेतर्फ विशेष जोड दिइएको छ । यसबाहेक सरकारी तथा निजी क्षेत्रमा अनुत्पादक लगानी कार्य हतोत्साह गर्न कर्जा नियन्त्रणतर्फ पनि दृष्टि राखिएको छ । यसप्रकार वित्तीय तथा मौद्रिक क्षेत्रमा परिमाणात्मक लक्ष्यहरू निर्धारण गरी त्यसअनुरूप अर्थ व्यवस्थाको अनुगमनको व्यवस्था गरिनुको साथै देशको उत्पादनशील शक्तिहरू पूर्ण प्रस्फुटित हुन पाउने वातावरण सिर्जना गर्न कृषि, उद्योग, व्यापार तथा वनक्षेत्रमा उदारवादी कदमहरू अपनाइएका छन् ।

१.६ देशका प्रमुख आर्थिक परिसूचकहरूबाट हाम्रो अर्थ व्यवस्थामा आर्थिक समायोजन कार्यक्रमले सकारात्मक असर पारेको स्पष्ट छ । गत वर्ष कुल गार्हस्थ्य उत्पादन २.४ प्रतिशतले वृद्धि भएकोमा यस आर्थिक वर्ष ७.१ प्रतिशतले बढेको अनुमान छ । चालू आर्थिक वर्ष कृषिक्षेत्रको उत्पादन १८.३ प्रतिशतले बढेको छ । गैर कृषिक्षेत्रको उत्पादन १४.५ प्रतिशतले वृद्धि भएको छ जसमध्ये औद्योगिक उत्पादन १०.४ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०३१।३२ को मूल्यमा कृषि र गैर कृषिक्षेत्रको उत्पादन क्रमशः ८.७ र ५ प्रतिशतले वृद्धि भएको छ ।

१.७ चालू आर्थिक वर्षको पहिलो ६ महीनासम्ममा सरकारी खर्च गत वर्षको सोही अवधिको तुलनामा १८.० प्रतिशतले वृद्धि भएको छ भने यसै अवधिमा कुल राजश्व २४ प्रतिशतले वृद्धि भएको छ । यसरी खर्चको भन्दा साधनको

२८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वृद्धि दर बढी भएकोले बजेट घाटा गत आर्थिक वर्षको सोही अवधिको दाँजोमा ११.६ प्रतिशतले घट्न गएको छ ।

१.८ देशको वाह्य आर्थिक कारोवारतर्फ यस आर्थिक वर्षको प्रथम ९ महीनाको अवधिमा कुल निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३८.८ प्रतिशतले वृद्धि भई रू. ३ अरब ४२ लाख पुगेको छ भने कुल पैठारी १६.९ प्रतिशतले बढ्न गई रू. ८ अरब ३९ करोड ९४ लाख पुगेको छ। चालू वर्षको अन्तसम्ममा निकासी करीब रू. ४ अरब र पैठारी करीब रू. १३ अरब पुगी व्यापार घाटा करीब रू. ९ अरब पुग्ने अनुमान छ। शाही नेपाल वायुसेवा निगमको नयाँ हवाईजहाज खरीद, विदेशी सहायताबाट संचालित आयोजनाहरूमा निर्माण सामग्री र मेशिनरीको पैठारीमा वृद्धि, औद्योगिक कच्चा पदार्थ, मेशिनरी एवम् पार्टपूर्जा पैठारीको निम्ति खुल्ला इजाजतपत्र तथा उदार आयात नीतिको कारणहरूबाट चालू वर्ष पैठारीमा वृद्धि हुन गएको छ। कुल पैठारीमा वृद्धि भए तापनि निर्यात वृद्धिदर अझ तीव्र भएकोले प्रथम नौ महीनामा निकासी-पैठारीको अनुपात प्रतिशत गत आर्थिक वर्ष ३०.१४ रहेकोमा यसवर्ष ३५.७७ पुगी सुधार आएको छ।

१.९ वैदेशिक व्यापारतर्फ व्यापार घाटा बढे तापनि देशको शोधनान्तर स्थिति भने यस आर्थिक वर्ष उल्लेखनीय रूपले हाम्रो पक्षमा रहेको छ। गत आर्थिक वर्षको ७ महीनाको अवधिमा शोधनान्तर स्थिति हाम्रो पक्षमा रू. ४ करोड ९१ लाखले बचत भएकोमा चालू आर्थिक वर्षको सोही अवधिमा रू. ८४ करोड ८१ लाखको बचत भएको छ। फलस्वरूप चालू आर्थिक वर्ष विदेशी मुद्राको संचितिमा उल्लेखनीय वृद्धि हुन गई ९ महीनाको अन्तमा कुल विदेशी विनिमय संचित रू. ६ अरब ३ करोड ७० लाख पुगेको छ। यो संचितिले ६.५ महीनाको आयात धान्न सक्नेछ जबकि गत आर्थिक वर्षको सोही अवधिमा ४.८ महीनाको आयात धान्ने स्थिति थियो। विदेशी विनिमय संचितिमा हालका महीनाहरूमा थप सुधार आउनाले यसको मौज्दात हाल रू. ७ अरब नाघी सकेको छ।

१.१० चालू आर्थिक वर्ष मुद्रा प्रदायको वृद्धिदर वाञ्छित सीमाभन्दा बढी रहेको छ। यसो हुनुमा विदेशी मुद्राको संचितिमा उल्लेखनीय वृद्धि हुनु नै मुख्य कारण हो। मुद्रा प्रदायका अरू कारकहरूको समीक्षा गर्दा मुद्दती तथा बचत निक्षेपहरूमा उल्लेखनीय वृद्धि भएको छ भने आन्तरिक कर्जा विस्तार वाञ्छित सीमाभित्रै छ। तसर्थ वैदेशिक सम्पत्तिको वृद्धिदरमा आएको तीव्रताले गर्दा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नै चालू आर्थिक वर्षको ९ महीनाको अवधिमा मुद्रा प्रदाय १८.३ प्रतिशतले वृद्धि भएको छ जबकि गत आर्थिक वर्षको यसै अवधिमा ११.७ प्रतिशतले मात्र वृद्धि भएको थियो । चालू वर्ष मुद्रा प्रदाय वृद्धि हुनुमा वैदेशिक सम्पत्तिको भूमिका रहेबाट मुद्रा प्रदाय वृद्धिदर अधिक रहे तापनि यसबाट अर्थतन्त्रमा त्यत्ति प्रतिकूल असर नपर्ने विश्वास गरिएको छ ।

१.११ गत आर्थिक वर्षको प्रथम ६ महीनामा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूची सरदर १२.३ प्रतिशतले वृद्धि भएकोमा चालू आर्थिक वर्ष २०४४।४५ को सोही अवधिमा सरदर मूल्य वृद्धिदर १०.४ प्रतिशत रहन गएको छ । यसरी गत आर्थिक वर्षमा १३.३ प्रतिशतले मूल्यस्फीति भएकोमा चालू आर्थिक वर्षको अन्तसम्ममा औसत मूल्य वृद्धिदरमा केही सुधार आई ११.४ प्रतिशतले मूल्यस्फीति हुने अनुमान छ ।

१.१२ सारांशमा, चालू आर्थिक वर्षको प्रथम ९ महीनाको आर्थिक गतिविधिको प्रवृत्तिबाट देशको राष्ट्रिय उत्पादन, वित्तीय स्थिति, कर्जा प्रवाह, निकासी, पैठारी एवं शोधनान्तर स्थितिमा उत्साहवर्धक सुधार भएको पाइन्छ । तर मुद्रा प्रदाय र मूल्यस्थितितर्फ भने विशेष सुधार हुन सकेको छैन ।

२

२.१ विगत वर्षहरूको कार्यक्रमहरूको कार्यान्वयनबाट हाम्रो व्यवस्थापनमा क्रमिक सुधार भै अर्थतन्त्रमा परेको अनुकूल असरहरूबारे मैले संक्षेपमा माथि भनिसकें । यही पृष्ठभूमिमा आगामी वर्षको आय-व्यय विवरण तर्जुमा गरेको छु ।

२.२ मूल रूपले आगामी वर्ष २०४५।४६ को आय-व्यय विवरण तर्जुमा गर्दा यस सदनलाई श्री ५ महाराजाधिराज सरकारबाट बक्स भएको शाही सम्बोधनलाई नै मैले मार्ग निर्देशनको रूपमा लिएको छु । त्यसकारण स्वभावतः मैले आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यक्रमलाई केन्द्रविन्दुको रूपमा लिएको छु ।

२.३ यसै क्रममा आगामी वर्षको बजेटलाई निम्न उद्देश्यहरू प्राप्त गर्न परिलक्षित गरेको छु ।

- आर्थिक विकास र न्यायोचित वितरण ।
- मूल्यस्फीति नियन्त्रण ।

२.४ यी उद्देश्यहरू प्राप्तिका लागि निम्नबमोजिमको कार्यनीति अपनाएको छु ।

- आधारभूत आवश्यकता कार्यक्रमहरूको लागि सर्वाधिक प्राथमिकता दिई साधनको व्यवस्था गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

- अनुगमन प्रणालीलाई सुदृढ गरी आयोजनाहरू निर्धारित समयमै सम्पन्न गर्न संस्थागत सुधार गर्ने ।
- निरपेक्ष गरिबी रेखामुनि रहेका तथा समाजका कमजोर वर्गलाई आयमूलक रोजगारीको अवसर प्रदान गर्ने र स्थानीय सीपमूलक तालीम दिनुको साथै बैंक व्यवस्थालाई यसतर्फ उत्प्रेरित गराउने ।
- वित्तीय क्षेत्रको विकास गर्नुको साथै भैरहेको वित्तीय संस्थाहरूको कृयाकलापमा सुधार गर्ने ।
- सरकारी संस्थानहरूको व्यवस्थापनमा सुधार गर्ने ।
- निजी क्षेत्रको सहभागिता वृद्धि गर्ने ।
- मूल्यवृद्धिको चापलाई कम गर्न अनुकूल मौद्रिक तथा वित्तीय नीतिको अवलम्बन गरी संचिति र आपूर्ति व्यवस्थालाई सुदृढ गराउने ।

२.५ चालू वर्षदेखि विकासको प्रतिफल लक्षित समूहले पाउने स्थितिको सिर्जना गर्ने कार्यको थालनी गरेको कुरा मैले यस वर्षको बजेट पेश गर्दा सदनलाई अवगत गराएको थिएँ। यस क्रमलाई अझ अगाडि बढाउन आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा कृषि, सिंचाइ, उद्योग, स्वास्थ्य, शिक्षा, आवास तथा खानेपानी र आयमूलक रोजगारीका क्षेत्रहरूमा आधारभूत आवश्यकताको कार्यक्रममा प्रक्षेपण गरिए अनुसारको लगानी गर्ने कार्यनीति अवलम्बन गर्ने प्रयास गरेको छु। यस सन्दर्भमा विकासका कार्यक्रमहरूको मूल्याङ्कन गर्दा खर्चको प्रभावकारिता, आयोजना सम्पन्न हुने अवधिको निकटता जस्ता आधारहरूमा ध्यान दिइएको छ। साथै ती कार्यक्रमहरूले आधारभूत आवश्यकतामा के कति योगदान पुऱ्याउन सक्नेछन् भन्ने मापदण्ड पनि प्रयोग गरिएको छ ।

२.६ निरपेक्ष गरिबी रेखामुनि रहेका तथा समाजका कमजोर वर्गहरूको आय वृद्धि हुने रोजगारीका अवसर प्रदान गर्ने साना किसान विकास, महिला विकास, सिंचाइ विकास, वन विकास जस्ता कार्यक्रमहरूमा यस्ता वर्गहरूलाई संलग्न गराउन सीपमूलक तालीमको व्यवस्था गरिनेछ । साथै यस क्षेत्रमा बैंकहरूको सहभागिता बढाउने क्रममा जिल्लाका ग्रामीण क्षेत्रहरूमा अगुवा बैंक व्यवस्था सञ्चालन गर्ने कार्यको थालनी गरिनेछ र यस योजना हाललाई पाँचै विकास क्षेत्रका छानिएका २१ जिल्लाहरूमा लागू हुनेछ र क्रमिक रूपमा अधिराज्यको सबै जिल्लाहरूमा विस्तार गरिनेछ । साथै हाल सञ्चालन भैरहेका सघन बैंकिङ्ग कार्यक्रमलाई अझ सुदृढ गराई व्यापक रूपले सञ्चालन गरिनेछ । यसले बैंकहरूबाट प्रवाह हुने कुल कर्जामध्ये उत्पादनशील प्राथमिकता क्षेत्र र साना किसान तथा उद्यमीहरूलाई प्रदान गरिने कर्जाको अनुपातमा वृद्धि हुने आशा लिइएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.७ सुनियोजित एवं क्रमिक विकास हासिल गर्न विगत वर्षहरूमा श्री ५ को सरकारले आर्थिक नीति तथा कार्यक्रमहरूलाई गतिशील बनाउँदै कार्यान्वियन गरेको कुरा मैले चालू वर्षको बजेट पेश गर्दा उल्लेख गरेको थिएँ । बजेट तर्जुमा तथा निर्णय प्रकृयामा सुधार गर्न "कार्यक्रम बजेट प्रणाली" र आयोजनाहरूसम्बन्धी बजेट निकासा तथा खर्चको अनुगमन गर्न "व्यवस्थापन सूचना प्रणाली" लागू गरिएको कुरा मैले यस सदनलाई जानकारी गराएको थिएँ । यसबाट हाम्रो आयोजना तर्जुमा तथा विश्लेषण गर्ने क्षमतामा वृद्धि हुनुको साथै कार्यक्रमहरूको कार्यान्वयनमा सुधार भै वैदेशिक सहायता उपयोगगरासमेत वृद्धि गर्न सघाउ पुऱ्याएको छ । आगामी वर्षदेखि यस सूचना प्रणालीद्वारा कार्यक्रमहरूको भौतिक पक्षको पनि क्रमिक रूपले अनुगमन गर्ने परिपाटी बसालिनेछ । यसबाट विदेशी सहायता प्राप्त गर्दा आयोजनासगमात्र आबद्ध नगरी कार्यक्रममा आधारित गराउनेतर्फ पनि ठूलो सघाउ मिल्नेछ ।

२.८ विगत वर्षहरूमा कृषिक्षेत्रमा प्रशस्त लगानी भए तापनि यसको प्रतिफल अपेक्षा गरे अनुरूप कृषकहरूले पाउन सकेका छैनन् । तसर्थ कृषि उत्पादन दरमा वृद्धि गराउन र यसलाई स्थायित्व प्रदान गर्न सिंचाइ, उन्नत प्रविधि, बिउ, विजन, मलखाद तथा ऋण समन्वयात्मक रूपमा कृषकसमक्ष पुऱ्याउन सकेमामात्र सम्भव हुने कुरा स्पष्ट हुन आएको छ । देशमा खेती गरिने क्षेत्रफल बढाउने सम्भावना ज्यादै कम भएकोले उत्पादन वृद्धिका लागि उत्पादकत्व वृद्धिबाहेक अन्य विकल्प नदेखिएकोले यस पक्षलाई विशेष जोड दिने कार्यनीति अवलम्बन गरिएको छ । यसक्रममा जिल्लाहरूमा स्थापित सेवा केन्द्रको विस्तार र त्यसलाई सुदृढ गर्नेतर्फ विशेष ध्यान दिइएको छ । साथै अनुसन्धानलाई उत्पादनसंग आबद्ध गर्न संस्थागत विकास गरी यस कार्यलाई नयाँ मोड दिइएको छ ।

२.९ विकासको लागि आन्तरिक श्रोत र साधनको अधिकतम परिचालन गर्ने नीतिलाई कायमै राखिनेछ । नयाँ कर थप गर्दैमा अथवा वर्तमान करका दरहरू बढाउँदैमा राजश्वमा वृद्धि गर्न नसकिने हाम्रा विगतका अनुभवहरू छन् । तसर्थ कर प्रणालीलाई बढी सक्षम र प्रभावकारी बनाई करको दायरा फराकिलो बनाउने र कर चुहावट रोक्न राजश्व प्रशासनलाई सुदृढ गराउनेतर्फ नै हाम्रो प्रयासहरू केन्द्रीत रहनेछन् । मुख्यतः सामाजिक न्यायको उद्देश्य प्राप्ति गर्न कर प्रणालीमा प्रत्यक्ष करको अंश बढाउँदै लैजानु परेको तथ्यलाई दृष्टिगत गरी त्यसतर्फ विशेष ध्यान दिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.१० वित्तीय क्षेत्रको विकासबाट आन्तरिक साधन परिचालन गर्न सकिने ठूलो गुंजाइस छ । यस दृष्टिकोणले आगामी आर्थिक वर्षमा वित्तीय क्षेत्रको विकासको लागि मुद्रा बजारको संस्थागत विकास गर्नुको साथै विशेष उद्देश्य भएका वित्तीय संस्थाहरू निजी क्षेत्रमा स्थापना गर्न प्रोत्साहित गरिनेछ । यसै क्रममा हाम्रा वाणिज्य बैंकहरूलाई आफ्नो क्षमता वृद्धि गर्दै आधुनिक बैंकिङ्ग प्रविधि अपनाउने तर्फ पनि अग्रसर गराइनेछ । यस सम्बन्धमा आगामी आर्थिक वर्षमा एक विस्तृत अध्ययन गराउने व्यवस्था मिलाएको छ । यसबाट वाणिज्य बैंकहरूको व्यवस्थापन पक्षमा सुधार हुने र श्रोत तथा साधनहरूको उचित परिचालन भई देशको बढ्दो आर्थिक कारोबारमा बैंकिङ्ग क्षेत्रको महत्त्वपूर्ण योगदान पुग्ने आशा राखेको छु ।

२.११ ग्रामीण क्षेत्रमा वित्तीय लगायत अन्य आर्थिक कारोबार सञ्चालन गर्न राष्ट्रिय अर्थतन्त्रको मेरूदण्डको रूपमा गठन गरिएका साझा संस्थाहरू हाल अपेक्षा गरिए अनुसार प्रभावकारी हुन नसकेबाट साझा संस्थाहरूप्रति जनविश्वास समेत गुम्न थालेको छ । तसर्थ यी संस्थाहरूलाई आगामी वर्षदेखि संगठनात्मक तथा व्यवस्थापनसम्बन्धी सुधारहरू गरी सक्रिय तुल्याइनेछ । यही क्रममा भूमिसुधार कार्यक्रमको उद्देश्य परिपूर्ति गर्न एक प्रमुख स्तम्भको रूपमा रहेको साझाप्रति जनविश्वास बढाउने उद्देश्य अनुरूप बचतकर्तालाई संकलन गरिएका अनिवार्य बचत श्री ५ को सरकारले आगामी वर्षदेखि फिर्ता दिने व्यवस्था गरेको छ ।

२.१२ श्री ५ को सरकारले सोझै वा संस्थाहरूमार्फत प्रदान गर्ने अनुदानलाई समाजका कमजोर वर्ग तथा उत्पादनशील कार्यमा लक्षित गर्ने नीति अपनाउँदै आएको छ । यस क्रममा नेपाल खाद्य संस्थानले खाद्यान्न अभाव भएका दुर्गम क्षेत्रहरूमा बिक्री गर्ने खाद्यान्नको ढुवानीमा अनुदान प्रदान गरिनेछ । मलखादमा दिई आएको ढुवानीको साथै मूल्य अनुदान दिने नीति कायमै गरिनेछ । त्यस्तै चिया तथा फलफूल खेतीमा प्रदान गर्दै आएको ब्याज अनुदान र स्यालो ट्यूबवेल, बायोग्यांस र टर्बाइन जडान गरी ग्रामीण विद्युतीकरणको लागि दिइएको प्रोत्साहन अनुदान पनि यथावत नै कायम गरिएको छ । यसबाहेक जनताले आफ्नो खर्चमा स्थानीय स्तरको खानेपानी तथा ढल निर्माण कार्य सञ्चालन गर्न चाहेमा लागतको केही अंश श्री ५ को सरकारले अनुदानको रूपमा प्रदान गर्ने नीति अपनाइएको छ । सिंचाइतर्फ उपभोक्ता समूहबाट सञ्चालन हुने साना र मझौला सिंचाइ आयोजनाहरूको निर्माण खर्चको अधिकांश अंश श्री ५ को सरकारले व्यहोर्ने नीति अपनाइएको छ । वनको हकमा सरकारी क्षेत्रमा कबुलियत वन

252

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लगाउन चाहने गरिबीको रेखामुनिका व्यक्तिहरूलाई ऋणको व्यवस्था मिलाउनुका साथै ५ वर्षसम्मको लागि व्याज श्री ५ को सरकारले व्यहोर्ने नीति अपनाइएको छ ।

२.१३ आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यक्रमहरूमध्ये आवास पनि एक प्रमुख कार्य भएकोले यस कार्यको थालनी आगामी वर्षदेखि योजनाबद्ध रूपबाट गरिने छ । लक्षित वर्गहरूको आवासको व्यवस्थाको निम्ति उनीहरूको आयलाई दृष्टिगत गर्दा ठाउँ सुहाउँदो कम खर्चिलो प्रविधिको विकास गरी यस्ता आवासहरूको निर्माणका लागि आवश्यक ऋण सुविधा उपलब्ध गराउनु पर्ने देखिन्छ । त्यस्तै कम खर्चिलो आवासको विकास तथा विस्तार गर्न सक्षम संगठित निर्माण संस्थाहरू र वित्तीय संस्थाहरूको पनि उत्तिकै भूमिका रहन्छ । यिनै तथ्यलाई मनन् गरी श्री ५ को सरकारले आवास क्षेत्रको विकासको लागि निजी क्षेत्रलाई प्रतिस्पर्धाको आधारमा आवास कम्पनीहरूको व्यवस्था गर्न प्रोत्साहन दिनेछ । यसको निम्ति चाहिने पूंजी संगठित निर्माण संस्था र लक्षित वर्गलाई वित्तीय संस्थाहरूबाट सुलभ तरिकाले ऋण उपलब्ध गराउने व्यवस्था पनि मिलाइनेछ ।

२.१४ श्री ५ को सरकारको स्वामित्वमा भएका संस्थानहरूको दक्षता वृद्धि गरी तिनको उत्पादकत्व बढाउँदै लैजाने कार्यलाई अझ प्रभावकारी बनाउन व्यवस्थापन पक्षको अध्ययन गराउने व्यवस्था मिलाएको छ । त्यसै गरी कार्यकुशलताको आधारमा संस्थानहरूको व्यवस्थापनको मूल्याङ्कन गरी तिनलाई प्रोत्साहन दिने परिपाटीलाई अझ सशक्त रूपमा सञ्चालन गरिनेछ । वित्तीय अनुशासन कडाइका साथ लागू गरी संस्थानहरूले समयमा नै लेखापरीक्षण गराउनु पर्ने व्यवस्था मिलाइनेछ । श्री ५ को सरकारको निर्देशन कार्यान्वयन गर्ने सिलसिलामा संस्थानहरूलाई पर्ने नोक्सानी बराबरको रकम बजेटमार्फत व्यवस्था गरी संस्थानहरूलाई आर्थिक दृष्टिकोणबाट सक्षम र बढी स्वायत्त बनाउने नीति लिएको छु ।

२.१५ वैदेशिक व्यापारतर्फ व्यापार घाटालाई कम गर्न निर्यात वृद्धि गर्ने विभिन्न उपायहरू चालू वर्ष अवलम्बन गरिएका थिए । यसबाट निकासी प्रवर्धनमा निकै उत्साहजनक नतीजा प्राप्त भएको कुरा आर्थिक सर्वेक्षणबाट माननीय सदस्यहरूलाई अवगत भएकै होला । आगामी वर्षमा पनि ड्यूटी ड्र व्याक प्रणाली, बण्डेड वेयर हाउस सुविधा, खुला तथा उदार निर्यात नीति कायमै राखी निर्यातसम्बन्धी कार्य प्रणालीमा अझ सरलीकरण गर्दै लगिनेछ । हाल यस्ता सुबिधा प्राप्त गरेका वस्तुहरूका अतिरिक्त अन्य निकासीयोग्य वस्तुहरूलाईसमेत यी सुविधाहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रदान गर्नेतर्फ कदमहरू चालिनेछन् । उच्च गुणस्तरीय निर्यातयोग्य वस्तुहरूको उत्पादनमा विशेष सहुलियत प्रदान गरी अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक रूपले बिक्री गर्न सकिने वातावरण सिर्जना गर्न निजी क्षेत्रलाई विशेष प्रोत्साहित गरिनेछ । पैठारीतर्फ अवलम्बन गरिएको उदार नीति कायमै राखिनेछ ।

२.१६ विकासको क्रममा निजी क्षेत्रको पनि गहन भूमिका हुने कुरा मैले यहाँ भनिराख्नु पर्दैन । हाम्रो आर्थिक बनोटमा खास गरी कृषि, उद्योग तथा व्यापार क्षेत्रहरूको विकासमा निजी क्षेत्रकै बाहुल्य रहेको छ । तसर्थ आधारभूत आवश्यकताहरू परिपूर्ति गर्ने लक्ष्य हासिल गर्न निजी क्षेत्रको सहभागिताको ठूलो अपेक्षा गरिएको छ। आधारभूत कार्यक्रमको प्रक्षेपित कुल लगानीमा निजी क्षेत्रको ठूलो योगदानको अपेक्षा गरिएको छ । यो कार्यक्रमहरू अन्तर्गत लत्ता कपडा, जुत्ताको उत्पादन र आवास व्यवस्थामा निजी क्षेत्रको सहभागितालाई विशेष प्रोत्साहित गरिनेछ । यही परिप्रेक्ष्यमा सरकारी संस्थानहरूमा क्रमिक रूपले निजी क्षेत्रको सहभागिता बढाउँदै लाने नीतिलाई योजनाबद्ध रूपबाट अगाडि बढाइनेछ ।

२.१७ मूल्य वृद्धि हाम्रो सामु अझै पनि चिन्ताको विषय छ । विगतका हाम्रा प्रयासहरूले मूल्य वृद्धिमा अपेक्षाकृत कमी नल्याए तापनि यसलाई अनियन्त्रित हुनबाट रोकेको छ । उत्पादनमूलक कार्यक्रमको सफल कार्यान्वयन तथा आपूर्ति व्यवस्थापनको प्रभावकारी कार्यान्वयनबाट नै मूल्य वृद्धिलाई वाञ्छित सीमाभित्र नियन्त्रण गर्न सकिने ठानेको छु । त्यसैले उत्पादनमूलक कार्यक्रमहरूमा विशेष जोड दिनुको साथै अत्यावश्यक वस्तुहरू अन्तर्राष्ट्रिय बजारबाट सुपथ मूल्यमा आयात गराउने कार्यनीति लिएको छ । मूल्य स्थीरता कायम गर्न कर नीतिमा अनुकूल परिवर्तन गरिनेछ । यसरी मौद्रिक तथा वित्तीय नीतिहरूको साथै उत्पादन तथा आपूर्ति व्यवस्थापनबाट मूल्यमा पर्ने चापलाई कम गर्न सघाउ पुग्ने विश्वास गरेको छु ।

२.१८ आर्थिक विकासको क्रममा राष्ट्रसेवकहरूको बढ्दै गएको उत्तरदायित्व अनुरूप उनीहरूको पारिश्रमिक र प्रोत्साहनमा पनि श्री ५ को सरकारको क्षमता अनुसार वृद्धि गर्दै लानु पर्ने आवश्यकता सर्वविदितै छ । यस सन्दर्भमा श्री ५ महाराजाधिराज सरकारबाट यस सदनलाई बक्सेको शाही सम्बोधनमा "राष्ट्रसेवकको तलबमा यथासम्भव वृद्धि गर्नेतर्फ पनि मेरो सरकारले ध्यान दिनेछ" भन्ने हुकुम बक्से बमोजिम सबै निजामती, शाही नेपाली सैनिक, प्रहरी लगायत सबै कर्मचारीहरूलाई उनीहरूको शुरूको तलबमा करीब २५ प्रतिशतले वृद्धि गरेको छु । शिक्षकहरूको हकमा पनि उनीहरूको तलबको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागि दिई आएको अनुदानमा करीब ३५ प्रतिशत वृद्धि गरिएको छ। त्यस्तै निवृत्तिभरण पाउने व्यक्तिहरूलाई पनि उनीहरूले पाई आएको निवृत्तिभरण रकममा करीब २५ प्रतिशतले वृद्धि गरेको छु। यसबाट राष्ट्रसेवकको दक्षतामा सकारात्मक असर पर्न गई विकासको गतिमा तीव्रता आउने विश्वास श्री ५ को सरकारले लिएको छ।

३

३.१ अब म आर्थिक वर्ष २०४३।४४ को यथार्थ आय-व्यय विवरण र चालू आर्थिक वर्ष २०४४।४५ को संशोधित आय-व्यय विवरण प्रस्तुत गर्दछु।

३.२ आर्थिक वर्ष २०४३।४४ मा यथार्थ खर्च भएको कुल रकम रू. ११ अरब ५१ करोड ३२ लाखमध्ये साधारणतर्फ रू. ४ अरब १३ करोड ५२ लाख र विकासतर्फ रू. ७ अरब ३७ करोड ८० लाख खर्च भएको छ।

३.३ गत आर्थिक वर्ष २०४३।४४मा राजश्व सङ्कलन रू.५ अरब ९७ करोड५१लाख भएको छ। अनुदान सहायता अन्तर्गत रू. १ अरब २८ करोड ५१ लाख र विदेशी ऋणस्वरूप रू. २ अरब ७० करोड ५८ लाख प्राप्त भएको छ। उल्लेखित साधन-हरूबाट नपुग न्यून रकमको पूर्ति रू. १ अरब ५४ करोड ७२ लाख खुद आन्तरिक ऋण उठती गरी पूर्ति गरिएको छ।

३.४ चालू आर्थिक वर्ष २०४४।४५ का लागि रू. १५ अरब १८ करोड ७७ लाख खर्च हुने अनुमान गरिएकोमा रू. १३ अरब ६७ करोड ७७ लाख खर्च हुने संशोधित अनुमान छ। साधारणतर्फ रू. ४ अरब ९६ करोड १७ लाख खर्च हुने अनुमान गरिएकोमा रू. ४ अरब ७८ करोड ९० लाख र विकासतर्फ रू. १० अरब २२ करोड ६० लाख खर्च हुने अनुमान रहेकोमा रू. ८ अरब ८८ करोड ८७ लाख खर्च हुने संशोधित अनुमान छ।

३.५ चालू आर्थिक वर्ष २०४४।४५ मा राजश्वतर्फ रू. ७ अरब ३५ करोड ५८ लाख सङ्कलन हुने अनुमान रहेकोमा रू. ७ अरब ३२ करोड प्राप्त हुने संशोधित अनुमान छ। विदेशी सहायता अनुदान अन्तर्गत रू. २ अरब ४९ करोड २२ लाख उपलब्ध हुने अनुमान गरिएकोमा रू. २ अरब ७ करोड ८५ लाख प्राप्त हुने संशोधित अनुमान छ। विदेशी ऋण रू. ४ अरब १० करोड ९७ लाख उपलब्ध हुने अनुमान गरिएकोमा रू. ३ अरब १९ करोड ८ लाख प्राप्त हुने संशोधित अनुमान छ। यी स्रोतहरूबाट पूरा हुन नसकेको न्यून रकम रू. १ अरब ८ करोड ८४ लाख आन्तरिक ऋणबाट व्यहोरिने संशोधित अनुमान छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४

४.१ आगामी आर्थिक बर्ष २०४५।४६ को साधारण तथा विकास खर्चको अनुमान विवरण अब म संक्षेपमा प्रस्तुत गर्दछु ।

४.२ आगामी आर्थिक बर्ष २०४५।४६ को साधारणतर्फ रू. ६ अरब १५ करोड २१ लाख र विकासतर्फ रू. १३ अरब ३६ करोड ८१ लाख गरी जम्मा रू. १९ अरब ५२ करोड २ लाख खर्च गर्ने प्रस्ताव गरेको छु । यो खर्च चालू वर्षको संशोधित अनुमानको ४२.७ प्रतिशतले बढी छ ।

४.३ साधारण खर्चतर्फ संवैधानिक अङ्गहरूमा रू. १३ करोड ७१ लाख, सामान्य प्रशासन, राजश्व प्रशासन, आर्थिक प्रशासन तथा योजनामा रू. १ अरब १ करोड २४ लाख, न्याय प्रशासनमा रू. ८ करोड ५८ लाख, रक्षामा रू. ९३ करोड ६६ लाख, वैदेशिक सेवामा १३ करोड ५७ लाख, सामाजिक सेवामा ६६ करोड ६४ लाख, आर्थिक सेवामा रू. ४० करोड ३ लाख, ऋण लगानी तथा साँवा ब्याज भुक्तानीमा रू. १ अरब ९२ करोड ३१ लाख र विविधमा रू. ८५ करोड ४७ लाख विनियोजन गरेको छु ।

४.४ विकास कार्यक्रमहरूको लागि खर्च बाँडफाँड गर्दा मुख्यतया निम्न आधार अपनाएको छु ।

- श्री ५ महाराजाधिराज सरकारबाट बक्स भएको निर्देशन ।
- आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यक्रमहरू ।
- प्राथमिकता प्राप्त आयोजनाहरू ।
- छोटो अवधिका उत्पादनमूलक आयोजनाहरू ।
- स्थानीय सहभागितामा जोड दिइएका तथा विकेन्द्रीकरणको सिद्धान्त अनुरूपका जिल्लास्तरीय कार्यक्रमहरू ।
- मर्मत, सम्भार तथा पुनर्स्थापन कार्यक्रमहरू ।

४.५ विकासतर्फ आर्थिक सेवामा रू. ९ अरब १० करोड ८० लाख, सामाजिक सेवाको लागि ३ अरब ६० करोड ४५ लाख, प्रशासन तथा योजनाका लागि रू. ५ करोड ५४ लाख र विविधमा रू. ६० करोड २ लाख खर्च गर्ने प्रस्ताव गरेको छु ।

४.६ तलब वृद्धिको लागि साधारण तथा विकास बजेटमा जम्मा रू. ६३ करोड छुट्याएको छु ।

४.७ श्री ५ महाराजाधिराज सरकारबाट विकास क्षेत्रमा अनौपचारिक भ्रमण गरी बक्सेको अवसरहरूमा मौसूफ सरकारमा सिंचाइ, खानेपानी, बाटो तथा पुल जस्ता आयोजनाहरू कार्यान्वयनको लागि यी क्षेत्रका जनताहरूको सामूहिक मागको आधारमा मौसूफ सरकारबाट संभाव्य आयोजनाहरू कार्यान्वयन गरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिन श्री ५ को सरकारलाई निर्देशन बक्स हुने गरेको माननीय सदस्यहरूलाई विदितै छ। यसरी विकास क्षेत्रको भ्रमणका अवसरहरूमा बक्स भएका निर्देशन-हरूलाई समयबद्ध गरी सम्पन्न गर्न आगामी आर्थिक वर्षको लागि रू. २ अरब ३५ करोड १७ लाख छुट्याएको छ।

४.८ कृषि विकास कार्यक्रमतर्फ खाद्यान्न उत्पादन बृद्धिदरमा कमी आउन नदिन विभिन्न कार्यक्रमहरूलाई प्रभावकारी रूपबाट संचालन गर्नेतर्फ जोड दिइएको छ। उन्नत बिउ, मलखाद, कीटनाशक औषधी, सिंचाइ, उन्नत प्रविधिको समुचित उपयोगद्वारा कृषिक्षेत्रको उत्पादकत्व वृद्धि गर्नेतर्फ कृषि अनुसन्धान, कृषि प्रसार, ऋण तथा कृषि सामग्रीहरूको वितरण प्रणालीलाई आबद्ध गरी कार्य संचालन गराइनेछ। यकीन गरिएका उन्नत प्रविधिको प्रयोग कृषकको खेतबारीमा कृषि अनुसन्धान र कृषि प्रसारको संयुक्त रेखदेखमा संचालन गर्न जोड दिइनेछ। प्रचार, प्रसार र तालीम कार्यलाई कृयाशील बनाई कृषकहरूको समस्याहरू निदान गर्नेतर्फ उन्मुख गराइनेछ। त्यस्तै पशुपालन व्यवसायलाई लाभप्रद तथा उत्पादनमूलक बनाउनेतर्फ एकीकृत तथा समन्वयात्मक रूपबाट संचालन गरिएका पशुस्वास्थ्य तथा विकास कार्यक्रमहरूलाई प्रभावकारी बनाइनेछ। कृषकहरूले उत्पादन गरेको दूध, माछा, मासु, तरकारी र फलफूल जस्ता चाँडै बिग्रने कृषि उत्पादनहरूको लागि संगठित बजार व्यवस्थाको प्रबन्ध गराउने कार्यक्रम रहेको छ। कृषि विकास कार्यक्रमको लागि आर्थिक वर्ष २०४५।४६ मा रू. १ अरब ३५ करोड ४ लाखको रकम खर्च गर्ने प्रस्ताव गरेको छु। यो चालू वर्षको संशोधित अनुमानको दाँजोमा ८१.३ प्रतिशतले बढी छ।

४.९ राष्ट्रिय उत्पादन वृद्धि गर्ने, रोजगारीको अवसर सिर्जना गर्ने, निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्याको आय स्तर बढाउने कार्यहरूको लागि कृषक तथा उद्यमीहरूलाई बैंकहरूमार्फत कर्जा प्रवाह गर्ने व्यवस्था गरेको छु। यस्तै साना किसान विकास, सघन बैंकिङ्ग जस्ता कार्यक्रमहरूलाई विस्तार गर्ने व्यवस्था गरेको छु।

४.१० कृषि उत्पादकत्व वृद्धि गर्न र उत्पादन प्रकृयामा मौसमको प्रतिकूलताको असरलाई न्यून गर्न सिंचाइ विकास कार्यक्रममा आगामी आर्थिक वर्ष जोड दिइएको छ। सिंचाइतर्फ साना तथा मझौला सिंचाइ कार्यक्रम र भूमिगत जल विकास तथा उपयोगका कार्यक्रमहरूलाई प्राथमिकता दिइएको छ। ठूला सिंचाइ आयोजनातर्फ बबई सिंचाइ आयोजनाको निर्माणको कार्य आगामी आर्थिक वर्षमा शुरू गरिनुको साथै बागमती सिंचाइ आयोजना समयमा नै पूरा गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ। सम्पन्न आयोजनाहरूको मर्मत सम्भार र संचालनको अतिरिक्त बाढीबाट क्षति पुगेका आयोजनाहरूको पुनर्स्थापना

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा कृषक कुलो सुधारको निम्ति आवश्यक रकमको व्यवस्था मिलाएको छ । नदी नियन्त्रण कार्यको लागि पनि आवश्यक रकम छुट्याएको छ । निजी क्षेत्रमा सिंचाइ विकासको लागि बैंकहरूबाट ऋण लगानी गर्ने व्यवस्था पनि गरेको छ । यसको साथै लागतको केही अंश उपभोक्ता समूहले व्यहोर्ने गरी आयोजनामा लाग्ने कुल रकम श्री ५ को सरकारले व्यहोर्ने बजेटको व्यवस्था गरेको छ । आयोजना छनौट, संभाव्यता अध्ययन, आयोजना तर्जुमा, निर्माण तथा सम्भार, कृषक समूह गठन र अनुगमन मूल्याङ्कन आदि कार्यहरूमा सिंचाइमा संलग्न इकाईहरूको संगठनात्मक सुधार गरिनेछ । सिंचाइ विकास कार्यक्रम संचालन गर्न कुल रू. १ अरब ७४ करोड ७ लाख रकम खर्च हुने अनुमान गरिएको छ । उक्त रकम चालू आर्थिक वर्षको संशोधित अनुमानको दाँजोमा १४०.४ प्रतिशतले बढी छ ।

४.११ वन विकास कार्यक्रमतर्फ गुरु योजना तर्जुमा भइसकेको छ । यसलाई क्रमिक रूपले कार्यान्वयन गर्नेतर्फ कार्यवाही हुँदैछ । वातावरणको सन्तुलन कायम गर्न तथा भू-क्षय रोकथाम गर्न वृक्षारोपण, सामुदायिक वन विकास जस्ता आयोजनाहरूलाई प्रभावकारी रूपबाट संचालन गर्न प्राथमिकता दिइएको छ । जलाधार व्यवस्थापन कार्यक्रमहरूको लागि आवश्यक रकम व्यवस्था गरेको छ । वनक्षेत्रको निमित्त जम्मा रू. ६४ करोड ७० लाख छुट्याइएको छ । यो रकम चालू आर्थिक वर्षको संशोधित खर्चको दाँजोमा ५७.८ प्रतिशतले बढी छ ।

४.१२ उद्योगतर्फ आगामी आर्थिक वर्षदेखि उदयपुर सिमेन्ट कारखाना र नेपालगञ्ज कागज कारखानाहरूको निर्माण कार्य शुरु हुनेछ । हाल सञ्चालनमा रहेका वीरगञ्ज चिनी कारखाना, भृकुटी कागज उद्योगहरूको क्षमतामा विस्तार गर्ने कार्यक्रम पनि रहेको छ । खनिज पदार्थहरूमा आधारित खास गरी म्याग्नेसाइट उद्योग सम्पन्न गराउन विशेष जोड दिइनेछ । पेट्रोलसम्बन्धी अन्वेषण कार्य जारी राखिनेछ । घरेलु उद्योगको प्रवर्द्धन र सीप विकास तालीममा विशेष जोड दिइएको छ । उद्योग तथा खनिज क्षेत्रको लागि रू. ९६ करोड ४६ लाख रकम विनियोजन गरिएको छ, जुन चालू आर्थिक वर्षको संशोधित अनुमान भन्दा ६४.४ प्रतिशतले बढी छ ।

४.१३ विद्युत्को बढ्दो मागलाई दृष्टिगत गरी अरूण तेश्रो आयोजना कार्यान्वयन गर्न प्रारम्भिक कार्यको निम्ति रकम छुट्याएको छ । निर्माण कार्य प्रायः अन्तिम चरणमा भएको मर्स्याङदी जलविद्युत् आयोजना समयमा सम्पन्न गर्न विशेष जोड दिइएको छ । विद्युत् लाइन प्रशारण, ग्रामीण विद्युतीकरण कार्यक्रमहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा साना जलविद्युत् आयोजनाहरू समयमा नै सम्पन्न गराउन आवश्यक रकम छुट्याएको छु। विद्युत्क्षेत्रको निम्ति कुल रकम रू. १ अरब ३८ करोड ५१ लाख विनियोजन गरेको छु।

४.१४ यातायाततर्फ महेन्द्र राजमार्गको बाँकी खण्ड कोहलपुर-महाकाली सडक, उत्तर-दक्षिण सडक, डँडेलधुरा-बैतडी-दार्चुला तथा इलाम-फिदिम-ताप्लेजुङ र केही सहायक मार्गहरूको निर्माणमा प्राथमिकता दिइएको छ। अरूण तेश्रो विद्युत् आयोजनाको निर्माणस्थलसम्म जाने मार्ग तथा उदयपुर सिमेन्ट कारखाना जाने गाईघाट सडक आयोजनाहरू आगामी आर्थिक वर्षदेखि संचालन गरिने छ। सडक सुधार तथा पुनर्निर्माण र सडक मर्मत सम्भारलाई प्राथमिकता दिने नीति अनुरूप आगामी वर्ष सडक सुधार तथा पुनर्निर्माण तथा बाढीले क्षति पुऱ्याएको सडकहरूको पुनर्निर्माणको लागि पनि आवश्यक रकमको व्यवस्था गरेको छु। त्यस्तै गरी जिल्लास्तरीय सडक, झोलुङ्गे पुल र गोरेटो घोडेटोको लागि पनि आवश्यक बजेटको व्यवस्था गरिएको छ। आन्तरिक जलमार्गको संभाव्यता अध्ययन कार्यक्रमलाई अझ विस्तृत गर्नको लागि चाहिने रकम राखिएको छ। यातायात क्षेत्रमा आगामी आर्थिक वर्षको लागि रू. २ अरब ३९ करोड २४ लाख छुट्याएको छु जुन चालू वर्षको संशोधित अनुमानको तुलनामा १०४.५ प्रतिशतले बढी छ। यसमध्ये सडक यातायातको लागि रू. १ अरब ९६ करोड ५७ लाख, पुलहरूको लागि रू. १२ करोड ४० लाख र अन्य यातायातहरूको लागि रू. ४ करोड २ लाख छुट्याइएको छ।

४.१५ हवाई यातायाततर्फ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणाधीन टर्मिनल भवनको निर्माण कार्य सम्पन्न गर्न आवश्यक रकमको व्यवस्था गरेको छु। अन्य विमानस्थलहरूको मर्मत तथा सम्भारको लागि पनि रकम छुट्याएको छु। हवाई यातायात सेवाको लागि जम्मा रू. २६ करोड २४ लाख व्यवस्था गरेको छु जुन चालू आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा १०३.४ प्रतिशतले बढी छ। पर्यटन उद्योग विकासको लागि रू. १ करोड ८७ लाख राखेको छु।

४.१६ संचारतर्फ टेलिफोन लाइन विस्तार, ग्रामीण दूर संचार सेवा, हुलाक सेवा विस्तार जस्ता कार्यक्रमहरू संचालनका लागि रू. ३३ करोड ६९ लाख रकम छुट्याएको छु।

४.१७ देशमा साक्षरताको प्रतिशतलाई बढाउन स्थानीय सहभागिताबाट पूर्व प्राथमिक शिक्षाको सञ्चालनतर्फ प्रोत्साहित गर्नुका साथै प्रौढ शिक्षालाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ। अधिराज्यभरिका कक्षा ४ र ५ का छात्रा तथा १८ दुर्गम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जिल्लाहरूका छात्र एवम् छात्राहरूलाई निःशुल्क पाठ्य पुस्तक उपलब्ध गराउन रकमको व्यवस्था गरेको छ । शिक्षक तालीम, महिला शिक्षा तथा प्रौढ शिक्षा जस्ता कार्यक्रमहरूलाई स्तरीय बनाउनको लागि आवश्यक रकमको व्यवस्था गरिएको छ । त्यस्तै प्राविधिक शिक्षाको लागि पनि आवश्यक रकमको व्यवस्था गरेको छ । विश्वविद्यालयहरू, खेलकूद परिषद्, एकेडेमीहरूको निम्ति आवश्यक रकम छुट्याएको छ । यसरी शिक्षा क्षेत्रको लागि रु. १ अरब ४५ करोड ३८ लाख विनियोजन गरेको छ, जुन चालू आर्थिक वर्षको संशोधित अनुमानको दाँजोमा २५.२ प्रतिशतले बढी छ ।

४.१८ स्वास्थ्य क्षेत्रमा परिवार नियोजन, विस्तारित खोप आयोजना तथा झाडा पखाला रोग नियन्त्रण कार्यक्रमहरूलाई एकीकृत स्वास्थ्य कार्यक्रमको रूपमा सञ्चालन गर्न प्राथमिकता दिई आवश्यक रकमको व्यवस्था गरिएको छ । स्वास्थ्य चौकी तथा जिल्ला अस्पतालमा आवश्यक औषधिहरू र औजारहरूको निम्ति चाहिने बजेट रकम व्यवस्था गरेको छ । नयाँ अस्पताल निर्माण र नयाँ स्वास्थ्य चौकीको निर्माणको लागि रकम छुट्याइएको छ । स्थानीय पञ्चायत तथा वडा तहमा स्वास्थ्य सेवा प्रभावकारी रूपमा सञ्चालन गर्न स्वास्थ्य स्वयम सेवक कार्यकर्ता तालीम आयोजनालाई जोड दिन आवश्यक बजेट रकम राखिएको छ । दैवी प्रकोपको सामना गर्न अस्पतालहरू र स्वास्थ्य केन्द्रहरूका लागि आवश्यक रकमको व्यवस्था पनि मिलाएको छ । स्वास्थ्य कार्यक्रमको लागि रु. ८१ करोड ९० लाख छुट्याएको छ, जुन चालू वर्षको संशोधित अनुमान भन्दा ६५.१ प्रतिशतले बढी छ ।

४.१९ आवासको लागि ठाउँ सुहाउँदो सस्तो प्रविधिको विकास, ग्रामीण तथा शहरी क्षेत्रको योजनाबद्ध आवास विकासको लागि रु. ९ करोड ३९ लाख व्यवस्था गरेको छ ।

४.२० शहरी क्षेत्रमा खानेपानी तथा ढल निकास कार्यक्रम सञ्चालनका लागि रु. ८ करोड ९४ लाख र ग्रामीण क्षेत्रमा खानेपानी कार्यक्रम सञ्चालन गर्न रु. ४२ करोड ७१ लाख रकमको व्यवस्था गरेको छ । यो रकम चालू आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा ६०.६ प्रतिशतले बढी छ ।

४.२१ पञ्चायत तथा स्थानीय विकास कार्यक्रमहरू अन्तर्गत एकीकृत ग्रामीण विकास कार्यक्रम, दुर्गमक्षेत्र विकास कार्यक्रम तथा महिला विकास कार्यक्रमहरू सञ्चालनका लागि रु. ५१ करोड २९ लाखको व्यवस्था गरिएको छ जुन चालू आर्थिक वर्षको संशोधित अनुमानको दाँजोमा २५.३ प्रतिशतले बढी छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.२२ विकेन्द्रीकरणको सिद्धान्त अनुरूप जिल्ला स्तरका कार्यालयहरू र संगठनहरूलाई प्रभावकारी बनाउन संस्थागत सुधार कार्य गरिनेछ । जिल्लास्तरीय कार्यक्रम र अनुदान समेतको निम्ति रू. २ अरब ७१ करोड १० लाखको व्यवस्था गरेको छु जुन चालू वर्षको अनुमानको दाँजोमा ३१.३ प्रतिशतले वृद्धि भएको छ ।

४.२३ विकास कार्यक्रमहरूमा जनसहभागिता परिचालन गरी खास खास क्षेत्रहरूमा उपभोक्ता समूहहरूलाई योजना कार्यान्वयनदेखि सञ्चालन तथा मर्मत सम्भार कार्यमा संलग्न गराउन प्रचार, प्रसार तथा सीपमूलक तालीमहरूको लागि सम्बन्धित क्षेत्रहरूमा रकमको व्यवस्था गरेको छु ।

४.२४ आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यक्रमहरूलाई सर्वोपरि प्राथमिकता दिई बजेट तर्जुमा गरेको कुरा मैले माथि भनिसकें । आधारभूत आवश्यकतासंग सम्बन्धित सरकारी क्षेत्रहरूमा आगामी आर्थिक वर्षमा व्यवस्था भएको कुल विकास रकमको करीब ३६.७ प्रतिशत छ र यी क्षेत्रहरूको लागि छुट्याइएको कुल बजेटमा करीब ८२ प्रतिशत रकम आधारभूत आवश्यकता कार्यक्रमसंग सम्बन्धित छ । यसरी चालू वर्षको तुलनामा सिंचाइमा ९५.१ प्रतिशत, खानेपानीमा ४८ प्रतिशत र कृषिमा ५४.५ प्रतिशतले वृद्धि गरिएको छ भने स्वास्थ्यमा १०.७ प्रतिशत र शिक्षामा १६.८ प्रतिशतले वृद्धि गरिएको छ । आवासमा आगामी आर्थिक वर्षदेखि छुट्टै रकमको व्यवस्था गरिएको छ ।

४.२५ आधारभूत आवश्यकतासँग प्रत्यक्ष रूपले सम्बन्धित क्षेत्रहरूको बजेट तर्जुमा गर्दा ती क्षेत्रहरूको वि. सं. २०५७ सम्मको कार्यक्रमहरू तथा लगानी प्रक्षेपण सम्बन्धमा विस्तृत रूपले विश्लेषण तथा सम्बन्धित क्षेत्रको मागलाई मध्यनजर राखी कार्यक्रमहरू सञ्चालन तथा सम्पादनमा सकारात्मक प्रभाव पार्न प्रयत्न गरेको छु भने अन्य क्षेत्रहरूको बजेट तर्जुमामा आधारभूत आवश्यकतालाई अप्रत्यक्ष रूपले सघाउ पुऱ्याउने कार्यक्रमहरू खास गरी उत्पादन सामग्री र उत्पादित वस्तुहरूको ओसार पसारमा शीघ्रता तथा सुगमता ल्याउन यातायातको अग्रिम भूमिका रहने भएकोले यातायात विकासको निम्ति आवश्यक बजेट उपलब्ध गराउन प्राथमिकता दिएको छु । माथि उल्लेखित व्यवस्थाहरूबाट निश्चय नै आधारभूत आवश्यकता परिपूर्तिमा तीव्रता आउने विश्वास लिएको छु ।

४.२६ उल्लेखित कार्यक्रमहरूमध्ये केन्द्र स्तरबाट सञ्चालन हुने कार्यक्रमहरूमा कुल बजेटको ७९.७ प्रतिशत अर्थात् रू. १० अरब ६५ करोड ७१ लाख छुट्याएको छु, जुन चालू आर्थिक वर्षको लागि विनियोजन गरेको रकमको दाँजोमा ३०.५ प्रतिशतले बढी छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.२७ यसरी साधारण र विकासमा खर्च गरिने जम्मा रू. १९ अरब ५२ करोड २ लाख मध्ये राजश्वको वर्तमान श्रोतबाट रू. ८ अरब ७० करोड र वैदेशिक ऋण तथा सहायता अनुदान गरी जम्मा रू. ८ अरब ८९ करोड २ लाख व्यहोर्ने भई बाँकी रू. १ अरब ९३ करोड न्यून रहनेछ ।

५

अध्यक्ष महोदय,

५.१ अब म आर्थिक वर्ष २०४५।४६ को लागि कर प्रस्ताव पेश गर्दछु ।

५.२ राजश्वसम्बन्धी प्रस्तावहरू तर्जुमा गर्दा माननीय सदस्यहरूले समय समयमा व्यक्त गर्नुभएको भावना, केन्द्रीय टेरिफ बोर्डको सिफारिशहरू, उद्योग वाणिज्य संघ तथा विभिन्न उद्योग, व्यापार व्यवसायमा संलग्न महानुभावहरू, समाजका प्रबुद्धवर्ग तथा अर्थविद्हरूसंगको बजेट तयारी पूर्वकालीन भेटवार्ताको अवसरमा प्राप्त सुझावहरू समेतलाई मनन् गरी कर प्रस्तावहरू तयार गरेको छु ।

५.३ चालू तथा विगत आर्थिक वर्षहरूमा राजश्व सङ्कलनमा भएको उल्लेखनीय वृद्धिबाट करहरूको दरमा वृद्धि गर्नु भन्दा भैरहेका करका श्रोतहरूलाई दक्षता-पूर्वक सञ्चालन गर्नु, कर व्यवस्थालाई सरलीकरण गर्नु तथा कर प्रशासनलाई सुदृढीकरण गर्नु नै बढी प्रभावकारी हुनुको साथै बढी सामाजिक न्याय हुने स्पष्ट भएको छ । यसकारण आगामी आर्थिक वर्ष पनि करको दायरा फराकिलो गर्ने र कर चुहावटलाई अझ नियन्त्रण गर्नेतर्फ प्रयासहरू गरिनेछ ।

५.४ हाम्रो कर प्रणालीमा प्रत्यक्ष करको भन्दा अप्रत्यक्ष करको ठूलो बाहुल्यता छ । राजश्वको श्रोतलाई दिगो र स्थायी बनाउन तथा सामाजिक न्यायको लागि पनि प्रत्यक्ष कर सङ्कलनको अँश बढाउँदै लैजानु आवश्यक छ । यिनै तथ्यलाई ध्यानमा राखी आगामी वर्षको लागि कर प्रस्तावहरू तर्जुमा गर्दा मुख्य पाँच बुंदाहरूमा ध्यान दिएको छु । पहिलो त कर सङ्कलनमा प्रत्यक्ष करमा ध्यान दिने, दोश्रो कर सङ्कलनमा हुन सक्ने चुहावटलाई प्रक्रयागत सुधारबाट नियन्त्रण गर्ने, तेश्रो मूल्य स्थितिमा अनुकूल प्रभाव पार्ने, चौथो स्वदेशी उद्योगहरूलाई विदेशी प्रतिस्पर्धाबाट उचित संरक्षण प्रदान गर्ने र पाँचौंमा देशको निर्यात व्यापारलाई प्रोत्साहन गर्ने ।

५.५ अब म प्रत्यक्ष करसम्बन्धी प्रस्ताव पेश गर्दछु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.६ मैले अघि उल्लेख गरे झैं करको दरबन्दीमा हेरफेर गर्नुभन्दा कर सङ्कलनमा प्रकृयागत सुधार तथा कर व्यवस्थालाई सरलीकरण गरी बढी राजस्व उठाउन सकिन्छ भन्ने धारणा छ । यही उद्देश्य राखी आयकरमा चुहावट नियन्त्रण गर्न तथा आयकर सङ्कलन प्रभावकारी बनाउन केही कारोबारमा अग्रिम आयकर लिने व्यवस्था गरेको छु । तदनुसार आगामी आर्थिक वर्षदेखि नेपाल अधिराज्यभर पैठारी हुने व्यापारिक मालसामानहरूमा पैठारीकै अवस्थामा भन्सार प्रयोजनको लागि कायम गरिएको मूल्यमा ५ प्रतिशतका दरले पैठारीकर्ताहरूबाट अग्रिम आयकर असूल गरिनेछ । यसरी कट्टा गरेको अग्रिम आयकर रकम अन्तिम कर निर्धारण हुँदा मिलान गरिनेछ । यस व्यवस्थाबाट पैठारीबाट आय आर्जन गर्ने सबै आयकरदाताहरू करको दायराभित्र आउनेछन् र कर चुहावटमा पनि नियन्त्रण हुने विश्वास लिएको छु ।

५.७ नेपाल अधिराज्यमा हवाई यातायात सेवा संचालन गर्ने विदेशी हवाई कम्पनी-हरूलाई हालसम्म उनीहरूको कुल कारोबार तथा कुल मुनाफामध्ये नेपाल अधिराज्यमा भएको कुल कारोवारको अनुपातमा आयकर लगाउने व्यवस्था भइरहेकोमा यसबाट नेपाल अधिराज्यमा भए गरेको कारोवार तथा मुनाफा-लाई प्रतिबिम्बित नगर्ने हुनाले आगामी आर्थिक वर्षदेखि नेपाल अधिराज्यभित्र गरेको कुल कारोवार रकमको ५ प्रतिशतका दरले आयकर लगाई असूल गरिनेछ । तर नेपाल अधिराज्यमा हवाई यातायात सेवा संचालन नगरी कार्यालय मात्र स्थापना गरी कारोवार गर्ने विदेशी हवाई कम्पनीहरूको हकमा यस्ता कम्पनी-हरूले नेपाल अधिराज्यमा गरेको कुल कारोवार रकमको २ प्रतिशतका दरले आयकर लगाइनेछ ।

५.८ आयकरतर्फ सीमान्त आयकर दर उच्च राख्दा कर चुहावटको साथ साथै बढी परिश्रम गरौं भन्ने भावनामा पनि प्रतिकूल असर पर्न गएको तथ्य हाम्रै र अन्य देशहरूको अनुभवबाट पनि सिद्ध भएको छ । यिनै तथ्यलाई ध्यानमा राखी आयकरको उच्चतम दर ५५ प्रतिशत रही आएकोमा आगामी वर्षदेखि ५० प्रतिशतमा घटाएको छु । पारिश्रमिक आयकर दाताहरूको हकमा यो वर्गले आर्जन गर्ने आय आफ्नै परिश्रमको आधारमा गरिने हुनाले यसरी गरिएको आयलाई अन्य आयभन्दा केही फरक व्यवहार गर्नु वान्छनीय भएकोले पारि-श्रमिक भने उच्चतम सीमान्त आयकर दर ४० प्रतिशत मात्र कायम गरेको छु । पारिश्रमिक करदाताहरूको पारिश्रमिक आय बाहेक अन्य आयको श्रोत भएमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पारिश्रमिक आयको हकमा बढीमा ४० प्रतिशत मात्र लगाई सो दरले खामे भन्दा बढी हुने अन्य श्रोतको आयमा आयकरको माथिल्लो दर लाग्नेछ ।

५.९ पब्लिक लिमिटेड कम्पनीमा लगानी आकर्षित गर्न उद्देश्यले कर्पोरेट आयकर लाग्ने कम्पनी तथा संस्थानहरूले वितरण गर्ने लाभांशमा आगामी वर्षदेखि लाभांशमा लाग्ने आयकरमा ८५ प्रतिशत छूट दिइनेछ ।

५.१० हाम्रो निर्यातमा उल्लेखनीय वृद्धि भए तापनि हाम्रो निर्यातको गन्तव्य स्थान सिमित हुनुको साथै निर्यात हुने वस्तुको किसिम पनि सिमित रहेको छ । तसर्थ निर्यातलाई प्रोत्साहन गर्न आगामी वर्षदेखि निर्यात व्यापारबाट हुने आयमा आयकर नलाग्ने व्यवस्था गरेको छु ।

५.११ विगत केही वर्षदेखि फिल्म डिष्ट्रिब्यूटर कर लगाई आएकोमा यसबाट हुने राजश्व संकलन भन्दा संकलन गर्न लाग्ने खर्च बढी भएको छ । यसबाट कर प्रशासन तथा करदाता दुवैलाई अनावश्यक भार परेको अनुभव भएकोले आगामी वर्षदेखि फिल्म डिष्ट्ब्युटर कर खारेज गरेको छु ।

५.१२ आयकरतर्फ अन्य व्यवस्था यथावत कायम गरिएको छ ।

५.१३ उपर्युक्त व्यवस्थाबाट आगामी आर्थिक वर्ष करीब रु. ४० करोड थप राजश्व संकलन हुने अनुमान छ ।

५.१४ शहरी क्षेत्रमा घर निर्माणहरू जुन वेगले भैरहेको छ त्यसबाट सार्वजनिक सेवा माथिको चाप त्यति नै मात्रामा परिरहेको छ । प्रत्यक्ष करतर्फ शहरी क्षेत्रमा लागिआएको घरजग्गाकर पनि एक प्रमुख श्रोतको रूपमा विकास हुनुपर्ने देखिन्छ । तर शहरी क्षेत्रका घर जग्गाको मूल्याङ्कन दश बाह्र वर्ष पुरानो भएकोले हालको बजार मूल्यलाई प्रतिविम्बित गर्न सकेको छैन । यस बाहेक शहरी क्षेत्रको घरजग्गा कर लगाउँदा विभिन्न किसिमको छूटको व्यवस्थाबाट पनि सामाजिक न्याय हुन नगएको देखिएको छ । यिनै वास्तविकताहरूलाई ध्यानमा राखी शहरी क्षेत्रको घरजग्गा मूल्याङ्कन गर्दा घर निर्माणमा लाग्ने वास्तविक खर्च तथा जग्गाको चलन चल्तीको मूल्यको आधारमा घरजग्गाको मूल्याङ्कन गर्ने व्यवस्था गरेको छु । यस प्रकार कर प्रयोजनको लागि शहरी घरजग्गाको मूल्याङ्कन गर्दा घरतर्फ तोकेको दरमा मूल्याङ्कन गरी आएको रकममा ह्रास कट्टी गरी बाँकी हुने मूल्यको ७० प्रतिशत मात्र करयोग्य मूल्य कायम गरिने छ । त्यस्तै जग्गातर्फ प्रत्येक शहरी क्षेत्रको प्रत्येक अञ्चलको बाटो तथा सडकको वर्गीकरणको आधारमा जग्गाको मूल्य तोकी त्यसको २० प्रतिशत मात्र करयोग्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मूल्य कायम गरी हुने घरजग्गाको करयोग्य मूल्यमा आगामी वर्षदेखि निम्न दर बमोजिम शहरी क्षेत्रमा घरजग्गा कर लगाइनेछ। आगामी वर्षदेखि नारायणघाटमा पनि शहरी क्षेत्रमा लाग्ने घरजग्गा कर लगाइनेछ।

शहरी क्षेत्रको घरजग्गामा लाग्ने करको दर

करयोग्य मूल्य	करको दर
रू. २ लाख सम्म	केही नलाग्ने
त्यसपछिको रू. ५ लाखसम्ममा	एकमुष्ट रू. १००।–
त्यसपछिको रू. ५ लाखसम्ममा	०.१५ प्रतिशत
त्यसपछिको रू. ५ लाखसम्ममा	०.५० प्रतिशत
त्यसपछिको रू. ५ लाखसम्ममा	१.०० प्रतिशत
त्यसपछिको माथ जतिसुकैमा	२.०० प्रतिशत

५.१५ शहरी क्षेत्रमा लाग्ने घरजग्गा करसम्बन्धी हाल भैरहेको अरू छूट र दरसम्बन्धी व्यवस्था खारेज गरेको छु।

५.१६ उपर्युक्त व्यवस्थाबाट थप रू. २ करोड राजस्व संकलन हुने अनुमान छ।

५.१७ पञ्चायत विकास तथा जग्गा कर स्थानीय विकासको लागि आर्थिक श्रोत जुटाउने एउटा सशक्त माध्यम हो भन्ने बारे चालू वर्षको बजेट पेश गर्दा पनि उल्लेख गरेको थिएँ। स्थानीय विकासमा टेवा पुऱ्याउन विकेन्द्रीकरण ऐनबमोजिम पञ्चायत तथा जग्गा विकास कर उठाउन स्थानीय पञ्चायतलाई प्रोत्साहन गर्न श्री ५ को सरकारले विशेष कदम चालनेछ।

५.१८ देशमा आवासको व्यवस्थित विकासको लागि प्रोत्साहन गर्न सरकारी मान्यता प्राप्त हाउसिंग कम्पनीले जग्गा खरीद गर्दा र उक्त जग्गा बिक्री गर्दा दुबै कारोबारमा रजिष्ट्रेशन दस्तूर लाग्न गई ज्यादा करको भार पर्ने हुनाले यस्तो कम्पनीहरूले खरीद गर्दा रजिष्ट्रेशन दस्तूर तिरिसकेको जग्गा बेच्दा लाग्ने रजिष्ट्रेशन दस्तूरमा ८० प्रतिशत छूट दिने व्यवस्था गरेको छु।

५.१९ माथि उल्लिखित परिवर्तनहरू बाहेक मालपोत, भूमि कर रजिष्ट्रेशन दस्तूरको दर सम्बन्धमा हाल रहेको व्यवस्था यथावत कायम राखेको छु।

५.२० उपर्युक्त परिवर्तनहरू बाहेक हाल लागू रहेका अरू सबै प्रत्यक्ष करहरू यथावत नै कायम राखिएको छ।

५.२१ अब म अप्रत्यक्ष करहरूसम्बन्धी प्रस्ताव पेश गर्दछु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.२२ सर्वप्रथम म आजैदेखि लागू हुने गरी भन्सार महशूल दरसम्बन्धी प्रस्ताव पेश गर्दछु ।

५.२३ जनसाधारणले उपयोग गर्ने सूती कपडा, सूती लुगा, क्यानभास तथा कपडाको जुत्ता, छाता, लालटिन, चुरा, खिया, स्टोभ जस्ता वस्तुहरूमा पैठारी महशूल दर घटाएको छ ।

५.२४ शिशु आहारको लागि प्रयोग हुने प्याकेट तथा डिब्बाबन्दी धुलो दूध तथा पौष्टिक आहारको पैठारीमा हाल लागिआएको २५ प्रतिशत अतिरिक्त भन्सार महशूल-लाई घटाई १० प्रतिशत मात्र कायम गरेको छु ।

५.२५ वस्तुहरूको मूल्य तथा सर्वसाधारणको दैनिक खर्चमा ढुवानी खर्च तथा परिवहन खर्चको अंश पनि बढ्दै गएको छ । यिनै तथ्यलाई ध्यानमा राखी सार्वजनिक यातायातका साधनहरू बस, ट्रक, टेम्पो तथा सवारी साधनका पार्टपूर्जाहरूमा लागिआएको भन्सार महशूल दर घटाएको छु ।

५.२६ सूती धागोमा आधारित उद्योगहरूलाई अरू प्रोत्साहित गरी लत्ता कपडा उद्योग-लाई बढावा दिन सूती धागोमा लागिआएको भन्सार महशूल खारेज गरेको छु ।

५.२७ स्वदेशी उद्योगहरूलाई संरक्षण यथावत कायम राख्न स्वदेशी उद्योगहरूले उत्पादन गर्ने खालका कपडाको पैठारीमा लागिरहेको अतिरिक्त भन्सार महशूल कायम नै राखी देशमा उत्पादन नहुने कपडाको आयातमा अतिरिक्त भन्सार महशूल १०० प्रतिशतबाट ५५ प्रतिशतमा घटाएको छु ।

५.२८ चिनीको पैठारीमा लाग्ने अतिरिक्त भन्सार महशूल, समिकारक महशूल हटाउनको साथै चिनीको भन्सार महशूल पनि घटाएको छु ।

५.२९ पैठारीमा कर छूट पाउने व्यक्ति वा संस्थाले कुनै मालसामान वा वस्तु पैठारी गरेमा कर छूट पाउने तर सोही मालसामान वा वस्तु स्वदेशमा खरीद गरेमा कर छूट नहुने हुँदा स्वदेशी उद्योगहरूलाई मर्का परेको देखिएकाले पैठारीमा कर छूट हुने रहेछ भने स्वदेशी उद्योगले बिक्री गरेको वस्तुहरूमा पनि लागेको कर फिर्ता दिने व्यवस्था गरिएको छ ।

५.३० छाला उद्योगले प्रयोग गर्ने सहायक कच्चा पदार्थ र रासायनिक पदार्थहरूको पैठारीमा हाल लागिआएको अतिरिक्त भन्सार महशूल नलाग्ने व्यवस्था गरिएको छ ।

५.३१ झिटी गुण्टा भारीमा कुनै यात्रीले आफूसंग ल्याएको वा आफू आउनु अघि वा पछि ल्याएको वा पठाएको सामानमा साधारण भन्सार महशूल, अतिरिक्त भन्सार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महशूल तथा समिकारक महशूल नलगाई समदरमा भन्सार महशूल लगाइने व्यवस्था गरेको छ ।

५.३२ भन्सार प्रयोजनको लागि पैठारी भएको वस्तुको मूल्याङ्कन गर्दा माल वस्तुको मूल्यमा ढुवानी खर्चसमेत जोडी मूल्याङ्कन गरिने हुँदा हवाई मार्गबाट आयात गर्न हतोत्साहित हुने भएको छ। देशको भौगोलिक स्थिति तथा स्थलमार्गमा पैठारीकर्तालि सामना गर्नुपर्ने कठिनाइहरूलाई ध्यानमा राखी हवाइमार्गबाट पैठारी भएको वस्तुहरूको ढुवानी खर्च निर्धारण गर्दा स्थलमार्गकै ढुवानी खर्चको आधारमा निर्धारण गरी भन्सार महशूल असूल गर्ने व्यवस्था गरिएको छ ।

५.३३ संशोधित भन्सार महशूल दरहरू अनुसूची १ र ४ मा दिइएको छ ।

५.३४ उपर्युक्त परिवर्तनहरूबाट थप करीब रू. १५ करोड राजश्व संकलन हुने अनुमान छ ।

५.३५ यी परिवर्तनहरू बाहेक अरू भन्सार महशूल दर यथावत कायम राखिएको छ ।

५.३६ अब म आजैदेखि लागू हुने गरी अन्तःशुल्कसम्बन्धी प्रस्तावहरू पेश गर्दछु ।

५.३७ चामल, खानेतेल, चिया र जुटका सामानहरूमा लागिआएको अन्तःशुल्क नलाग्ने व्यवस्था गरेको छु ।

५.३८ लत्ता कपडा उद्योगहरूले आफ्नो उत्पादन उद्योगको क्षमता अनुसार उत्पादन गर्न प्रोत्साहित गर्ने उद्देश्यले तथा यी उद्योगहरू स्थापना गर्न प्रोत्साहन प्रदान गर्न हाल लागिआएको अन्तःशुल्क दरमा २५ प्रतिशत छूट दिने व्यवस्था गरिएको छ। साथै चालू आर्थिक वर्ष भन्दा बढी कपडा उत्पादन गर्ने औद्योगिक प्रतिष्ठान-हरूलाई बढी उत्पादन गरे जतिको परिमाणमा थप २५ प्रतिशत अन्तःशुल्क छूट दिने व्यवस्था गरेको छु । चालू वर्ष पूरा अवधि नचलेका औद्योगिक प्रतिष्ठानको हकमा चलेको अवधिको आधारमा दामासाहीले वार्षिक उत्पादन कायम गरी सो भन्दा बढी उत्पादन गरे जतिमा मात्र थप अन्तःशुल्क छूट दिने व्यवस्था गरेको छु ।

५.३९ लेमु, कोकाकोला, पेप्सी जस्ता हल्का पेय पदार्थमा तथा कृत्रिम ऊनी धागोमा केही अन्तःशुल्क दर बढाएको छु ।

५.४० संशोधित अन्तःशुल्क दरबन्दी अनुसूची ५ मा दिइएको छ ।

५.४१ अन्तःशुल्कसम्बन्धी यी परिवर्तनहरूबाट थप रू. ३ करोड राजस्व संकलन हुने अनुमान छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.४२ अन्तःशुल्कसम्बन्धी अन्य व्यवस्था यथावत कायम राखेको छु ।

५.४३ अब म बिक्रीकरसम्बन्धी प्रस्ताव पेश गर्दछु ।

५.४४ विदेशी मुद्रा आर्जन हुने गरी कुनै उद्योगले आफ्नो उत्पादन नेपाल अधिराज्यमा नै बिक्री गरेमा बिक्रीकर छूट दिने व्यवस्था गरेको छु ।

५.४५ कुनै उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, यन्त्र, उपकरण तथा औजारहरू पैठारी गर्दा बिक्रीकर नलाग्ने रहेछ भने त्यस्ता उद्योगले स्वदेशका उद्योगबाट कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, यन्त्र, उपकरण तथा औजारहरू खरीद गर्दा पनि बिक्रीकर छूट दिने व्यवस्था कायमै राखेको छु ।

५.४६ स्वदेशी सीसाकलम उद्योगलाई आफ्नो उत्पादन बिक्री गर्दा लगाई आएको बिक्री कर पूर्णरूपमा छूट दिने व्यवस्था गरेको छु ।

५.४७ संशोधित बिक्रीकरको दरहरू अनुसूची ६ मा दिइएको छ ।

५.४८ यसमा उल्लिखित परिवर्तनहरू बाहेक बिक्रीकरसम्बन्धी अन्य व्यवस्था यथावत कायम गरिएको छ ।

५.४९ विदेशी मुद्रा भुक्तान हुने गरी सामान खरीद गर्दा विदेशी कम्पनी तथा सप्लायर्सलाई ठेक्का कर नलाग्ने व्यवस्था भएकोमा त्यस्तो ठेक्कामा स्वदेशी उद्योगले प्रतिस्पर्धा गरी ठेक्का प्राप्त गरी नेपाली रूपैयाँमा भुक्तानी हुनेमा पनि ठेक्का कर नलाग्ने व्यवस्था गरेको छु ।

५.५० हाल लागिआएको रोपवे कर खारेज गरेको छु ।

५.५१ माथि उल्लिखित करहरू बाहेक अन्य करहरू यथावत कायम गरिएको छ ।

५.५२ मैले आगामी आर्थिक वर्ष २०४५।४६ को आय-व्यय विवरण पेश गर्दा जम्मा १ अरब ९३ करोड न्यून हुने उल्लेख गरेको थिएँ । त्यसमध्ये कर परिवर्तनबाट रू. ६० करोड प्राप्त हुने भै अब रू. १ अरब ३३ करोड न्यून हुन आउँछ । यसलाई गैह्र बैंकिङ्ग क्षेत्रबाट रू. ५० करोड र बैंकिङ्ग क्षेत्रबाट रू. ८३ करोड आन्तरिक ऋण उठाई पूर्ति गरिनेछ ।

६

६.१ प्रस्तुत बजेट अर्थ व्यवस्थामा चालू आर्थिक वर्षमा देखा परेका सुधारहरूलाई समेटदै श्री ५ महाराजाधिराज सरकारबाट विकास क्षेत्रको भ्रमणमा बक्स भएका निर्देशनहरूलाई समयबद्ध गरी सम्पन्न गर्ने, आधारभूत आवश्यकता परिपूर्ति गर्ने क्रमलाई अगाडि बढाउने, विकासको गतिलाई तीव्र पार्ने, मूल्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वृद्धि नियन्त्रण गर्ने तथा आर्थिक व्यवस्थापनलाई दरिलो बनाउनेतर्फ परिलक्षित छ ।

६.२ आगामी वर्ष विकासको दरमा हुने वृद्धिको पूर्व अनुमान अर्थ व्यवस्थामा महत्त्वपूर्ण स्थान ओगटेको कृषिक्षेत्रको क्रियाकलाप कस्तो हुन्छ भन्नेमा निर्भर रहने तथ्य सबैलाई विदितै छ । कृषि उत्पादनमा आएको उतारचढावले गर्दा आर्थिक विकास दरमा नै अस्थीरता आएको कुरा हामी सबैले महसूस गरेका छौं । हालसम्म मौसमको प्रवृत्तिलाई हेर्दा आगामी वर्ष मौसम अनुकूल रहने अनुमान गरिएको छ । विगत वर्षहरूदेखि साना सिंचाइ तथा भूमिगत जल विकासमा विशेष जोड दिंदै आएकोले पनि आगामी वर्ष कृषि उत्पादनमा निश्चय नै सकारात्मक असर पर्ने आशा गर्न सकिन्छ । त्यस्तै उद्योग व्यापार क्षेत्रमा अपनाइएको उदारनीति तथा निजी क्षेत्र र संयुक्त लगानीको लागि सृजना गरिएको अनुकूल वातावरणको फलस्वरूप उद्योग व्यापार गतिविधि पनि सामान्य भन्दा राम्रो हुने अनुमान गरिन्छ । आर्थिक व्यवस्थापनको क्रममा विगत वर्षदेखि कार्यान्वयन गरिएका मौद्रिक, कर्जा एवं विनिमय नीतिको सकारात्मक योगदानलाई दृष्टिगत गरी आगामी आर्थिक वर्षमा सो नीतिमा आवश्यक सुधार गरी कार्यान्वयन गरिने हुँदा यसबाट आर्थिक व्यवस्थापन अझ दरिलो बनाउन सघाउ पुग्ने विश्वास लिएको छु । पहिलो पटक बृहत् रूपमा आधारभूत आवश्यकताको कार्यक्रमलाई केन्द्रविन्दु बनाई तयार गरिएको आगामी वर्षको यस बजेटबाट निश्चय नै हाम्रो प्रयास सार्थक हुन्छ भन्ने कुरामा म पूर्ण विश्वस्त छु ।

६.३ आज निरपेक्ष गरीबी रेखामुनि रहेका जनताको जीवनस्तर उकास्न उनीहरूलाई आयमूलक रोजगारीको अवसर प्रदान कसरी गर्ने भन्ने विषय हाम्रो सामु ठूलो चुनौतीको रूपमा खडा छ । त्यस्तै विदेशी विनिमय दरमा भएको वृद्धिले गर्दा उत्पादन खर्चमा कसरी कम गर्ने तथा आयातीत वस्तुहरूलाई कसरी सस्तोमा उपलब्ध गराउने भन्ने नै हाम्रो प्रमुख समस्या छ । यही चुनौतीहरूको सामना गर्ने मुख्य उद्देश्यले प्रस्तुत बजेटमा मौद्रिक तथा वित्तीय नीति र कार्यक्रमहरू प्रतिपादित गरिएका छन् । यिनको सफल कार्यान्वयनबाट अवश्य नै बजेटले लक्षित गरेका उद्देश्यहरू हासिल गर्न हामी सक्षम हुनेछौं भन्ने कुरामा पनि विश्वस्त छु ।

६.४ वैदेशिक सहायतातर्फ सात औद्योगिक राष्ट्रहरूको समूहको क्यानाडाको टोरन्टो बैठकमा भएका विकासशील देशहरूको ऋणमोचनसम्बन्धी नयाँ सोचाइहरू सकारात्मक रहेका छन् । त्यस्तै जापानले विकासशील देशहरूलाई दिइने आर्थिक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहयोग आउँदो ५ वर्षमा दोब्बर गर्ने र तिनको ऋणभार क्रमशः घटाउँदै लैजाने निर्णयहरू पनि उत्साहवर्द्धक रहेका छन् । यसरी अन्तर्राष्ट्रिय सहयोगको वातावरण अनुकूल हुन लागेको महसूस गरेको छु । यस परिप्रेक्ष्यमा विदेशी सहयोगको क्षेत्र बढ्दै जाने नै देख्दछु ।

६.५ हाम्रो विकास प्रयासमा निरन्तर सहयोग गर्दै आएका हाम्रा मित्रराष्ट्रहरू, नेपाल सहायता समूहका सदस्य राष्ट्रहरू, खास गरी मित्रराष्ट्र जापान तथा संघीय गणतन्त्र जर्मनी र विश्व बैंक, एशियाली विकास बैंक तथा अन्य बहुपक्षीय संघ संस्थाहरूलाई श्री ५ को सरकारको तर्फबाट धन्यवाद दिन चाहन्छु । भविष्यमा अझ बढी सहयोग मिल्ने कुरामा म आशान्वित छु ।

६.६ अन्त्यमा श्री ५ महाराजाधिराज सरकारबाट वैशाख १ गते २०४५ साल नव वर्षको उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश यहाँ संस्मरण गर्न चाहन्छु । "सबै नेपाली सुखी रहून् भन्ने उद्देश्यले लागू गरिएको आधारभूत आवश्यकताको कार्यक्रम सम्पूर्ण नेपालीको संकल्पबिना पूरा नहुने भएकोले यसको लागि श्री ५ को सरकारदेखि लिएर जिल्ला, नगर तथा गाउँ पञ्चायतहरूका साथै निजी क्षेत्रमा पनि प्रत्येक संघ संस्थासमेतले आ-आफ्नो तहमा योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनको परिपाटी बसाल्दै लानु पर्ने कुरामा हामीले जोड दिई आएका छौं ।" यही पवित्र भावनाबाट अभिप्रेरित भै त्यसमा अन्तरनिहित मर्मलाई आत्मसात गरी "सबै नेपाली सुखी रहून्" भन्ने राजाको एकमात्र सदिच्छा अनुकूल तैयार गरिएको यस बजेटप्रति निजी क्षेत्र, राष्ट्रसेवक तथा सर्वसाधारण सबैको सहयोगको श्री ५ को सरकारले अपेक्षा गर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आय-व्ययको विवरण

(रू. हजारमा)

२०४३।४४ यथार्थ	विवरण	२०४४।४५ संशोधित अनुमान	२०४५।४६ अनुमान
११,५१,३१,७९	कुल खर्च	१३,६७,७७,२९	१९,५२,०२,००
४,१३,५२,३२	साधारणतर्फ	४,७८,८९,८०	६,१५,२१,३९
७,३७,७९,४७	विकासतर्फ	८,८८,८७,४९	१३,३६,८०,६१
७,२६,०१,८१	खर्च व्यहोर्ने स्रोतहरू	९,३९,८४,९४	११,८९,४०,९३
५,९७,५१,३३	राजश्वबाट	७,३२,००,००	९,३०,००,००
	आयको वर्तमान स्रोतबाट		८,७०,००,००
	कर परिवर्तनबाट		६०,००,००
१,२८,५०,४८	विदेशी सहायता (अनुदान)	२,०७,८४,९४	२,५९,४०,९३
१,०१,२०,१७	द्विपक्षीय	१,८०,००,४८	२,१२,५२,११
२७,३०,३१	बहुपक्षीय	२७,८४,४६	४६,८८,८२
−४,२५,२९,९८	बचत (+) वा न्यून (−)	−४,२७,९२,३५	−७,६२,६१,०७
	न्यून पूर्ति गर्ने स्रोतहरू		
२,७०,५८,३६	विदेशी सहायता (ऋण)	३,१९,०८,२३	६,२९,६१,०७
३३,१२,७२	द्विपक्षीय	४६,८०,५१	७५,५६,३८
२,३७,४५,६४	बहुपक्षीय	२,६९,२७,७२	५,५४,०१,६९
१,६४,४७,००	आन्तरिक ऋण	१,०८,८४,१२	१,३३,००,००
१,११,६३,००	(क) बैंकिङ्ग क्षेत्रबाट ऋण	७२,००,००	८३,००,००
५२,८४,००	(ख) गैर बैंकिङ्ग क्षेत्रबाट ऋण	३६,८४,१२	५०,००,००
−९,७५,३८	नगद मौज्दात परिवर्तन (− वृद्धि)	—	—

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राजश्व अनुमान
(२०४५।४६)

(रू. हजारमा)

संकेत संख्या	शीर्षक	उपशीर्षक	वर्तमान स्रोतबाट	कर परिवर्तनबाट	जम्मा
१.१.१.०	भन्सार महशूल		२,५०,००,००	१५,००,००	२,६५,००,००
१.१.१.१		पैठारीबाट	२,२९,३०,००	१५,००,००	२,४४,३०,००
१.१.१.२		निकासीबाट	१०,३०,००		१०,३०,००
१.१.१.३		भारतीय अन्तःशुल्क फिर्ता	१०,२०,००		१०,२०,००
१.१.१.४		भन्सारको अन्य आय	२०,००		२०,००
१.१.२.०	वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर		२,९९,४५,००	३,००,००	३,०२,४५,००
१.१.२.१		औद्योगिक उत्पादनमा अन्तःशुल्क	१,०२,००,००	३,००,००	१,०५,००,००
१.१.२.२		मदभट्टी ठेक्का रकम	३५,००		३५,००
१.१.२.३		बिक्रीकर	१,५१,००,००		१,५१,००,००
१.१.२.४		मनोरञ्जन कर	३,६५,००		३,६५,००
१.१.२.६		होटेल कर	९,६५,००		९,६५,००
१.१.२.७		हवाइ उडान कर	७,४५,००		७,४५,००
१.१.२.८		ठेक्का कर	२२,६०,००		२२,६०,००
१.१.२.९		सडक पुल सम्भार कर	२,७५,००		२,७५,००
१.१.३.०	मालपोत तथा रजिष्ट्रेशन		४०,७५,००		४०,७५,००
१.१.३.१		माल तथा मालपोत कार्यालय-			
१.१.३.२		बाट उठाइने	७,७५,००		७,७५,००
१.१.३.३		घरजग्गा रजिष्ट्रेशन दस्तूर	३३,००,००		३३,००,००
१.१.३.४		टिकर दस्तूर			

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संकेत संख्या	शीर्षक	उपशीर्षक	वर्तमान स्रोतबाट	कर परिवर्तनबाट	जम्मा
१.१.४.०	आय, नाफा र सम्पत्ति कर		७०,००,००	४२,००,००	१,१२,००,००
१.१.४.१		आयकर–सरकारी क्षेत्र	१७,१२,००		१७,१२,००
१.१.४.२		आयकर–अर्धसरकारी क्षेत्र	२७,००		२७,००
१.१.४.३		आयकर–सार्वजनिक क्षेत्र	२२,००		२२,००
१.१.४.४		आयकर–निजी क्षेत्र	४०,७४,००	४०,००,००	८०,७४,००
१.१.४.५		आयकर–पारिश्रमिक	४,४२,००		४,४२,००
१.१.४.७		शहरी क्षेत्र घरजग्गा कर	१,७०,००	२,००,००	३,७०,००
१.१.४.८		सवारी साधन कर	३,२८,००		३,२८,००
१.१.४.९(क)		व्याज कर	२,२५,००		२,२५,००
१.१.५.०	दस्तूर, दण्ड जरिवाना र जफत		७५,००,००		७५,००,००
१.१.५.१		फर्म रजिष्ट्रेशन दस्तूर	१,२५,००		१,२५,००
१.१.५.३		बन्दूक, पिस्तोल, रजिष्ट्रेशन दस्तूर	११,००		११,००
१.१.५.४		सवारी इजाजत दस्तूर	९०,००		९०,००
१.१.५.५		न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत	७,७०,००		७,७०,००
१.१.५.६		प्रशासनिक दस्तूर, दण्ड जरिवाना तथा जफत	६५,०४,००		६५,०४,००
१.१.६.०	सरकारी सेवा तथा वस्तुहरूको विक्रीबाट प्राप्त आय		३६,८०,००		३६,८०,००
१.१.६.१		पिउने पानी महशूल	२५,००		२५,००
१.१.६.२		पानीपोत	३३,००		३३,००
१.१.६.३		विद्युत् महशूल	४०,००		४०,००
१.१.६.४		हुलाक सेवा	६,००,००		६,००,००

३९३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संकेत संख्या	शीर्षक	उपशीर्षक	वर्तमान स्रोतबाट	कर परिवर्तनबाट	जम्मा
१.१.६.५		खाद्य कृषि क्षेत्रको आय	२,१०,००		२,१०,००
१.१.६.६		शिक्षा क्षेत्रको आय	१,३०,००		१,३०,००
१.१.६.७		वनक्षेत्रको आय	१०,७०,००		१०,७०,००
१.१.६.८		यातायात क्षेत्रको आय	५,००,००		५,००,००
१.१.६.९		अन्य सरकारी क्षेत्रको आय	१०,७२,००		१०,७२,००
१.१.७.०	लाभाँश		१५,८५,००		१५,८५,००
१.१.७.१		वित्तीय संस्था	१५,३०,००		१५,३०,००
१.१.७.२		व्यापारिक संस्था	१४,००		१४,००
१.१.७.३		औद्योगिक संस्था	४०,००		४०,००
१.१.७.४		सेवामूलक संस्था	१,००		१,००
१.१.८.०	रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री		१३,५०,००		१३,५०,००
१.१.८.१		खानी रोयल्टी	४०,००		४०,००
१.१.८.३		अन्य रोयल्टी	१,००,००		१,००,००
१.१.८.४		अन्य बिक्री	१२,१०,००		१२,१०,००
१.१.९.०	साँवा र ब्याज		४७,१०,००		४७,१०,००
१.१.९.१		साँवा–कम्पनी र संस्थानहरूबाट	२२,००,००		२२,००,००
१.१.९.२		ब्याज–कम्पनी र संस्थानहरूबाट	२५,१०,००		२५,१०,००
१.१.९.३		अन्य साँवा र ब्याज			
१.१.९.०(क)	विविध आय		२१,५५,००		२१,५५,००
१.१.९.४		विविध आय	२१,५५,००		२१,५५,००
		कुल जम्मा	८,७०,००,००	६०,००,००	९,३०,००,००

398

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राजश्व असूली विवरण

(रू. हजारमा)

संकेत संख्या	शीर्षक	उपशीर्षक	२०४३।४४ यथार्थ	२०४४।४५ संशोधित अनुमान
१.१.१.०	भन्सार महशूल		१,५०,५७,००	२,२०,५५,००
१.१.१.१		पैठारीबाट	१,२८,५३,३२	१,६६,६५,००
१.१.१.२		निकासीबाट	७,६६,२७	६,३८,००
१.१.१.३		भारतीय अन्तःशुल्क फिर्ता	१३,८३,१८	११,३५,००
१.१.१.४		भन्सारको अन्य आय	२१,२३	१७,००
१.१.२.०	वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर		२,०६,८०,२२	२,५६,२४,००
१.१.२.१		औद्योगिक उत्पादनमा अन्तःशुल्क	६७,५४,०८	८४,१७,००
१.१.२.२		मदभट्टी ठेक्का रकम	३२,२७	३३,००
१.१.२.३		बिक्री कर	१,१४,३७,६६	१,३४,००,००
१.१.२.४		मनोरन्जन कर	२,६६,३५	३,१४,००
१.१.२.६		होटेल कर	६,६०,४०	८,५०,००
१.१.२.७		हवाई उडान कर	४,४७,४८	७,००,००
१.१.२.८		ठेक्का कर	१२,६३,४०	१६,५०,००
१.१.२.६		सडक पुल सम्भार कर	१,१५,२५	२,६०,००
१.१.३.०	मालपोत तथा रजिष्ट्रेशन		२८,५२,६६	३४,११,००
१.१.३.१		माल तथा मालपोत कार्यालयबाट उठाइने	७,२३,६६	७,७१,००
१.१.३.३		घरजग्गा रजिष्ट्रेशन दस्तूर	२१,१६,१३	२५,६१,००
१.१.३.४		टिकट दस्तूर	१२,६०	४६,००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संकेत संख्या	शीर्षक	उपशीर्षक	२०४३।४४ यथार्थ	२०४४।४५ संशोधित अनुमान
१.१.४.०	आय नाफा र सम्पत्तिकर		४८,३४,०६	६३,६१,००
१.१.४.१		आयकर-सरकारी क्षेत्र	१२,०९,३०	१५,००,००
१.१.४.२		आयकर-अर्धसरकारी क्षेत्र	१२,०८	२०,००
१.१.४.३		आयकर-सार्वजनिक क्षेत्र	१,५९	१०,००
१.१.४.४		आयकर-निजी क्षेत्र	२८,४३,३२	३७,७१,००
१.१.४.५		आयकर-पारिश्रमिक	३,०९,२९	४,००,००
१.१.४.७		शहरी क्षेत्र घरजग्गा कर	१,३३,६३	१,६०,००
१.१.४.८		सवारी साधन कर	२,२८,०८	२,९०,००
१.१.४.९(क)		ब्याज कर	९६,७७	२,१०,००
१.१.५.०	दस्तूर, दण्ड जरिवाना र जफत		८५,२०,४४	६७,९४,००
१.१.५.१		फर्म रजिष्ट्रेशन दस्तूर	१,१६,९०	१,२०,००
१.१.५.३		बन्दूक, पिस्तोल रजिष्ट्रेशन	९,८३	१०,००
१.१.५.४		सवारी इजाजत दस्तूर	७७,१३	८५,००
१.१.५.५		न्यायिक शुल्क, दण्ड, जरिवाना तथा जफत	१,५७,९८	२,१५,००
१.१.५.६		प्रशासनिक दस्तूर, दण्ड, जरिवाना तथा जफत	८१,५८,६०	६३,६४,००
१.१.६.०	सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आय		३१,१३,५६	३३,४०,००
१.१.६.१		पिउने पानी महशूल	१५,७९	२३,००
१.१.६.२		पानीपोत	१२,१६	३०,००
१.१.६.३		विद्युत् महशूल	११,५६	२७,००
१.१.६.४		हुलाक सेवा	४,४३,४१	५,५०,००

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संकेत संख्या	शीर्षक	उपशीर्षक	२००३।४४ यथार्थ	२०४४।४५ संशोधित अनुमान
१.१.६.५		खाद्य कृषि क्षेत्रको आय	१,७५,५८	२,००,००
१.१.६.६		शिक्षा क्षेत्रको आय	९७,९८	१,१०,००
१.१.६.७		वनक्षेत्रको आय	१२,९२,७८	१०,५०,००
१.१.६.८		यातायात क्षेत्रको आय	३,७४,६९	४,५०,००
१.१.६.९		अन्य सरकारी क्षेत्रको आय	६,८९,६१	९,००,००
१.१.७.०	लाभांश		१०,६५,९३	१२,१७,००
१.१.७.१		वित्तीय संस्था	१०,१०,३४	११,७१,००
१.१.७.२		व्यापारिक संस्था	१०,५९	११,००
१.१.७.३		औद्योगिक संस्था	४५,००	३५,००
१.१.७.४		सेवामूलक संस्था		
१.१.८.०	रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री		२,५३,८७	२,५७,००
१.१.८.१		खानी रोयल्टी	४१,३८	३७,००
१.१.८.३		अन्य रोयल्टी	१,१६,२१	९०,००
१.१.८.४		अन्य बिक्री	९६,२८	१,३०,००
१.१.९.०	साँवा र ब्याज		३०,०२,९७	३७,४२,००
१.१.९.१		साँवा–कम्पनी र संस्थानहरूबाट	१५,०९,१२	१६,३२,००
१.१.९.२		ब्याज–कम्पनी र संस्थानहरूबाट	१४,८३,११	२१,००,००
१.१.९.३		अन्य साँवा र ब्याज	१०,७४	१०,००
१.१.९.०(क)	विविध आय		७०,५९	९९,००
१.१.९.४		विविध आय	७०,५९	९९,००
		कुल जम्मा :	५,९७,५१,३३	७,३२,००,००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साधारण बजेट : व्यय अनुमान

(रू. हजारमा)

मुख्य शीर्षक	अनुदान संख्या	उपशीर्षक	२०४३।४४ यथार्थ	२०४४।४५ संशोधित अनुमान	२०४५।४६ अनुमान
१	१.१	श्री ५ महाराजाधिराज तथा राजपरिवार	२,५५,१५	२,८२,५५	२,९५,५५
संवैधानिक अङ्ग	१.२	राजसभा	२५,५४	२२,२३	४०,९९
	१.३	राष्ट्रिय पञ्चायत	१,१७,५७	१,२१,००	१,७२,६६
	१.४	महालेखा परीक्षकको विभाग	१,०१,२९	१,२१,१४	१,५०,८५
	१.५	सर्वोच्च अदालत	५१,१९	५५,९२	६७,९८
	१.६	लोक सेवा आयोग	१२४,६७	१,५७,५६	१,३८,७८
	१.७	निर्वाचन आयोग	४,१९,३४	३२,००	६७,६१
	१.८	अख्तियार दुरूपयोग निवारण आयोग	१८,५१	१८,६७	२१,४८
	१.९	महान्यायाधिवक्ताको कार्यालय	२२,००	२२,६७	२५,९९
	१.१०	पञ्चायत नीति तथा जाँचबुझ समिति	१,८७,१७	२,२७,२३	३,८९,६०
२ साधारण प्रशासन	२.१	मन्त्रिपरिषद्,	४०,७६	६०,७०	९३,५६
	२.२	श्री ५ को सरकारको सचिवालय	७,३०,५८	७,७५,३२	१०,९४,६५
	२.३	जिल्ला प्रशासन	५,१२,७२	५,३५,३५	६,६३,६२
	२.४	प्रहरी	४०,९०,५३	४७,०१,५६	५६,४०,३०
	२.५	कारागार	२,८७,८९	३,१५,३४	४,१६,९२
	२.६	विविध	३,४४,१७	३,६७,५२	५,४३,५९
	२.७	प्रशासन सुधार	४,५०	८,७५	२४,००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुख्य शीर्षक	अनुदान संख्या	उपशीर्षक	२०४३।४४ यथार्थ	२०४४।४५ संशोधित अनुमान	२०४५।४६ अनुमान
३					
राजश्व प्रशासन	३.१	मालपोत	४,२२,२८	४,२३,५२	५,२०,९९
	३.२	भन्सार	२,९५,२०	३,१६,५१	३,५७,८७
	३.३	अन्तःशुल्क	१,०३,६१	१,२०,९५	१,४१,१६
	३.४	कर	१,३०,३५	१,४७,५५	१,८०,९३
	३.५	राजश्व न्यायाधिकरण	४,२०	४,२५	५,५९
४					
आर्थिक प्रशासन र योजना	४.१	योजना	१९,७५	२२,१५	२९,०८
	४.२	तथ्याङ्क	१८,३६	२१,६७	२७,०९
	४.३	महालेखा नियन्त्रण कार्यालय	३,१५,१३	३,४३,५७	३,८४,६३
	४.४	मेट्रिक नापतौल	२६,४६	—	—
५					
न्याय प्रशासन	५.१	अदालत	६,५८,९२	६,९९,८५	८,५३,७०
	५.२	अ.दु.नि. पुनरावेदन अदालत	४,०९	४,३०	४,७८
६					
वैदेशिक सेवा	६.१	वैदेशिक सेवा	७,७०,२३	८,७७,०४	११,६०,००
	६.२	विविध	२,३७,१३	१,५६,००	१,९६,६०

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुख्य शीर्षक	अनुदान संख्या	उपशीर्षक	२०४३।४४ यथार्थ	२०४४।४५ संशोधित अनुमान	२०४५।४६ अनुमान
७					
रक्षा	७.१	रक्षा	६०,२१,०८	६६,६४,५२	७९,१४,६५
	७.२	विविध	११,०२,५५	१३,००,००	१४,५१,५६
८					
सामाजिक	८.१	शिक्षा	२४,२२,६२	२५,६३,२५	२८,६७,७८
सेवाहरू	८.२	स्वास्थ्य	१८,२४,७२	२०,८८,८७	२६,८७,०५
	८.३	पिउने पानी	१,२२,६६	१,३६,५७	१,८२,५७
	८.४	पञ्चायत तथा स्थानीय विकास	२,५१,४२	२,६८,७२	३,४९,८१
	८.५	अन्य सामाजिक सेवाहरू	४,६०,४०	४,९३,५४	५,७६,३१
९					
आर्थिक	९.१	कृषि	८३,०१	८९,५६	३,१८,००
सेवाहरू	९.२	सिंचाइ	६९,१७	७९,५६	९१,८०
	९.३	भूमिसुधार	२,७३,७७	२,७२,५४	१,२२,३८
	९.४	नापी	१,१८,२५	९८,७५	१,५९,५८
	९.५	वन	१,३३,४३	१,३५,६८	१,७३,७२
	९.६	उद्योग तथा खानी	८१,४९	१,१२,१२	१,६६,६०
	९.७	सञ्चार	११,९१,१०	१२,८५,७५	१६,६१,२३
	९.८	यातायात	८,६०,१९	९,०७,५५	१२,३०,२९
	९.९	विद्युत	—	—	—
	९.१०	अन्य आर्थिक सेवाहरू	५०,४८	५४,९५	७९,६४

३२०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुख्य शीर्षक	अनुदान संख्या	उपशीर्षक	२०४३।४४ यथार्थ	२०४४।४५ संशोधित अनुमान	२०४५।४६ अनुमान
१०					
ऋण तथा लगानी	१०.१	ऋण र लगानी	८५,८८	९७,५६	१,२०,००
११					
साँवा र ब्याज	११.१	साँवा भुक्तानी	३५,०५,६९	३८,५४,५४	५०,७८,३०
भुक्तानी	११.२	ब्याज भुक्तानी	८४,५९,८१	१,११,९५,६५	१,४०,३२,२७
१२					
विविध	१२.१	विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च	४,००,५६	५,५०,००	५,५०,००
	१२.२	निवृत्तभरण, भत्ता तथा उपदान	११,९७,५५	१०,००,००	१२,५५,००
	१२.३	अतिथि सत्कार	८,१७	८,२०	१०,००
	१२.४	आकस्मिक सहायता, चन्दा र पुरस्कार	४१	१,४०	२,००
	१२.५	मुआब्जा	११,८७	१०,००	२०,००
	१२.६	अन्य	१५,४४,४३	२८,५७,६५	२३,३०,३०
	१२.७	भैपरी आउने	७,२९,३२	८,००,००	४३,८०,००
		जम्मा	४,१३,५२,३२	४,७८,८९,८०	६,१५,२१,३९

329

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकास बजेट : व्यय अनुमान

(रू. हजारमा)

मुख्य शीर्षक	अनुदान संख्या	उपशीर्षक	२०४३।४४ यथार्थ	२०४४।४५ संशोधित अनुमान	२०४५।४६ अनुमान
२ साधारण प्रशासन	२.७	प्रशासन सुधार	१,८३,४७	३,२०,८५	४,१४,७७
४ आर्थिक	४.१	योजना	१२,१४	१९,६१	४९,९०
प्रशासन र योजना	४.२	तथ्याङ्क	२८,२१	४२,१२	८९,१८
८ सामाजिक	८.१	शिक्षा	१,०३,६४,७८	१,१६,०८,८०	१,४५,३८,४९
सेवाहरू	८.२	स्वास्थ्य	३०,९२,०५	४९,५९,२६	८१,९०,००
	८.३	पिउने पानी	२७,४२,१६	३२,१६,०२	५१,६४,८०
	८.४	पञ्चायत तथा स्थानीय विकास	३१,६९,५०	४०,९३,८८	५१,२९,१२
	८.५	अन्य सामाजिक सेवाहरू	९,९४,७७	१५,४४,७९	३०,२२,१६
९ आर्थिक सेवाहरू	९.१	कृषि	६८,१६,७२	७४,४६,९८	१,३५,०३,७९
	९.२	सिंचाइ	८४,६८,१३	७२,४१,१५	१,७४,०६,५३
	९.३	भूमिसुधार	२,६७,१५	१,४९,८८	३,२६,७५
	९.४	नापी	६,७५,०१	७,८४,२०	८,९०,३२
	९.५	वन	३८,८४,१४	४०,९९,६७	६४,७०,४९
	९.६	उद्योग तथा खानी	३७,७०,१०	५८,६८,५७	९६,४६,०५
	९.७	सञ्चार	१३,९७,६७	५१,६६,८०	३३,६८,६६

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुख्य शीर्षक	अनुदान संख्या	उपशीर्षक	२०४३।४४ यथार्थ	२०४४।४५ संशोधित अनुमान	२०४५।४६ अनुमान
		(क) हुलाक	(१९,०८)	(४६,८०)	(१,१५,७७)
		(ख) दूरसञ्चार	(१३,७८,५९)	(५१,२०,००)	(३२,५२,८९)
	९.८	यातायात	९८,६०,२३	१,१७,०१,४५	२,३९,२३,६६
		(क) सडकहरू	(७९,२१,७१)	(१,०२,६१,०८)	(१,९६,५७,०१)
		(ख) पुलहरू	(४,२८,३२)	(२,९१,७८)	(१२,४०,३५)
		(ग) हवाई	(१५,०३,७७)	(११,३८,५९)	(२६,२३,६३)
		(घ) अन्य यातायात	(६,४३)	(१०,००)	(४,०२,६७)
	९.९	विद्युत्	१,२३,९१,५१	१,५४,४३,५७	१,३८,५०,९०
	९.१०	अन्य आर्थिक सेवाहरू	४१,५४,६३	१८,७८,६३	१६,९३,०४
		(क) वाणिज्य	(१,१९,७८)	(८१,२८)	(२,०२,१४)
		(ख) श्रम	(४९,९०)	(९५,४४)	(१,८४,६९)
		(ग) पर्यटन	(१,३८,००)	(११,९८,४९)	(१,८७,०३)
		(घ) हावापानी तथा जल विज्ञान	(१,१५,९३)	(१,४६,८६)	(२,११,२७)
		(ङ) अन्य	(३७,३१,०२)	(३,५६,५६)	(९,०२,९१)
१२ विविध	१२.६	अन्य	७,६२,६४	२१,९३,८४	२१,३२,००
	१२.७	भैपरि आउने	७,४४,४६	११,०७,४२	३८,७०,००
		जम्मा	७,३७,७९,४७	८,८८,८७,४९	१३,३६,८०,६१

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
323

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।